विषयसूची


१. प्रारम्भिक जाँचबुझ गरिएको कसूरको प्रकृति तथा विषय सम्बन्धी विस्तृत विवरण...... ३

२. प्रारम्भिक जाँचबुझ गर्ने सम्बन्धी निर्णय...... ४

३. प्रारम्भिक जाँचबुझ अधिकृतको नाम र पद...... ४

४. कसूरका सम्बन्धमा धितोपत्र सम्बन्धी कानूनमा भएको व्यवस्था...... ४

५. आरोपित व्यक्ति तथा सहयोगीहरुको विवरण...... १०

६. संकलित विवरण, कागजात तथा अवस्था...... १२

७. प्रारम्भिक जाँचबुझको क्रममा प्राप्त विवरण, कागजात तथा जानकारीबाट प्राप्त तथ्यको प्रस्तुति .. १६

८. विश्लेषण तथा निष्कर्ष...... ५७

९. राय सुझाव...... ६४


२०५१.१६.१५.



Scanned with CamScanner

१. प्रारम्भिक जाँचबुझ गरिएको कसूरको प्रकृति तथा विषय सम्बन्धी विस्तृत विवरण

श्री सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, पुल्चोक ललितपुरको पत्र संख्याः ०८२/८३ चलानी संख्याः ८१ को मिति २०८२।११।२५ र पत्र संख्याः ०८२/८३ चलानी संख्याः ९५ को मिति २०८२।११।२७ को पत्रहरु बोर्डमा मिति २०८२।११।२७ (बोर्ड दर्ता नं. ११११४ र १११९५) मा प्राप्त भएको । उक्त पत्रमा उल्लेख गरिएको BOID नम्बर १३०१५०००००२४१६८१ मा भएका दिपक भट्ट (चतुर्भुज भट्टको छोरा ना.प्र.नं. १०७ कैलाली) बाट भएको धितोपत्रहरु NBLD85, NIMBD90, SBID83, SBLD89 र NRIC को खरिद र बिक्रीको सम्बन्धमा विस्तृत सुपरीवेक्षण गरिएको । बोर्डको सुपरिवेक्षणको क्रममा दिपक भट्टले गरेको धितोपत्र कारोबारका क्रममा देहाय बमोजिमको कसूर भएको हुनसक्ने देखिएको निष्कर्ष रहेको:

क। धितोपत्र दलाल व्यवसयी भृकुटी स्टक ब्रोकिङ्ग कम्पनी प्रा.लि.ले दिपक भट्टबाट निजले धितोपत्र खरिद गरेको कुनै पनि रकम नलिने तथा निजसँग सम्बन्धित विभिन्न कम्पनीहरु र सो कम्पनीका सञ्चालकहरुलाई दिनुपर्ने रकम नदिई त्यस रकमबाट नै धितोपत्रको राफसाफ तथा फछर्यौट गर्ने र दिपक भट्टले कुनै पनि रकम भुक्तानी नगर्ने कार्यबाट रकमको लेनदेन बिना नै उधारोमा शेयर कारोबार भई शेयरको मूल्य बृद्धि भएको हुन सक्ने र यसबाट धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ९६ बमोजिमको कसूर भएको हुन सक्ने देखिएको,

ख) दिपक भट्टले धितोपत्र दलाल व्यवसायी भृकुटी स्टक ब्रोकिङ्ग कम्पनी प्रा.लि.मार्फत् खरिद बिक्री गरेको NBLD85 ऋणपत्रको कारोबारलाई विश्लेषण गर्दा निज एकल सञ्चालक रहेको इन्फिनिटी होल्डिङ्गस् प्रा.लि.को ४.५ प्रतिशत स्वामित्व रहेको हिमालयन रिइन्स्योरेन्स लि.बाट मिति सन् २०२५।११।०९ मा रू.१,०८० प्रति कित्तामा खरिद गरी मिति सन् २०२५।११।१६ मा निजको १५ प्रतिशत स्वामित्व रहेको गार्डियन माइको लाइफ इन्स्योरेन्स कम्पनी लि.लाई प्रति कित्ता रू.१,१०० देखि १,१६० सम्ममा; हिमालयन रिइन्स्योरेन्स लि.कै १५ प्रतिशत स्वामित्व रहेको क्रेस्ट माइक्रो लाइफ इन्स्योरेन्स कम्पनी लि.लाई प्रति कित्ता रू.१,१६० देखि १,१८२ सम्ममा; हिमालयन रिइन्स्योरेन्स लि.कै २१.४३ प्रतिशत स्वामित्व रहेको प्रोटेक्टिभ माइक्रो इन्स्योरेन्स कम्पनी लि.लाई प्रति कित्ता रू.१,१८५ मा बिक्री गरेको देखिन्छ र यसबाट धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ९४ र ९५ बमोजिमको कसूर भएको हुन सक्ने देखिएको,



Scanned with CamScanner

Scanned with CamScanner

ग। दिपक भट्टले धितोपत्र दलाल व्यवसायी भृकुटी स्टक ब्रोकिङ्ग कम्पनी प्रा.लि.मार्फत् खरिद बिक्री गरेको SBLD89 ऋणपत्रको कारोबारलाई विश्लेषण गर्दा निज एकल सञ्चालक रहेको इन्फिनिटी होल्डिङ्गस् प्रा.लि.को ४.५ प्रतिशत स्वामित्व रहेको हिमालयन रिइन्स्योरेन्स लि.बाट विभिन्न मितिहरूमा ३,३८,४४१ कित्ता खरिद गरी मिति सन् २०२५।११।१६ मा निजको १५ प्रतिशत स्वामित्व रहेको नेपाल माइक्रो इन्स्योरेन्स कम्पनी लि.लाई ९०,००० कित्ता; निजको १५ प्रतिशत स्वामित्व रहेको गार्डियन माइक्रो लाइफ इन्स्योरेन्स कम्पनी लि.लाई ८०,००० कित्ता, हिमालयन रिइन्स्योरेन्स लि.कै १५ प्रतिशत स्वामित्व रहेको क्रेस्ट माइक्रो लाइफ इन्स्योरेन्स कम्पनी लि.लाई १५,००० कित्ता; हिमालयन रिइन्स्योरेन्स लि.कै २१.४३ प्रतिशत स्वामित्व रहेको प्रोटेक्टिभ माइक्रो इन्स्योरेन्स कम्पनी लि.लाई १५,८१४ कित्ता विक्री गरेको देखिन्छ यसबाट धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ९४ र ९५ बमोजिमको कसूर भएको हुन सक्ने देखिएको ।

२. प्रारम्भिक जाँचबुझ गर्ने सम्बन्धी निर्णय

दिपक भट्टले कारोबार गर्दा धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ९४, ९५ र ९६ बमोजिमको कसूर भएको हुनसक्ने देखिएको सम्बन्धमा यस विषयमा प्रारम्भिक जाँचबुझ गर्न धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा १०३ बमोजिम श्रीमान् अध्यक्षज्यूबाट मिति २०८२/१२/१६ को निर्णयानुसार प्रारम्भिक अधिकृत तोकी प्रारम्भिक जाँचबुझ गरिएको छ ।

३. प्रारम्भिक जाँचबुझ अधिकृतको नाम र पद

रुपेश के.सी., कार्यकारी निर्देशक, नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर ।

४. कसूरका सम्बन्धमा धितोपत्र सम्बन्धी कानूनमा भएको व्यवस्था

यस प्रारम्भिक जाँचबुझसँग सम्बन्धित विषय आकर्षित हुने धितोपत्र सम्बन्धी ऐन, २०६३ मा भएका व्यवस्थाहरु देहाय अनुसार रहेका छन् ।

दफा ९४ झुठो कारोबार: यस ऐनको प्रयोजनको लागि देहाय बमोजिमको कुनै कारोबार गरिएमा त्यस्तो कारोबारलाई कृत्रिम वा झुठो कारोबार गरेको मानिनेछ:—

(क) प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा धितोपत्र खरिद वा बिक्री भएको भए तापनि वास्तविक स्वामित्वमा फरक नपर्ने भएमा,

(ख) अर्कोले खरिद वा बिक्री गर्न प्रस्ताव गरेको मूल्य थाहा पाई सोहीसंग मिल्ने गरी खरिद वा बिक्री गर्ने प्रस्ताव गरेको भएमा ।

दफा ९४ मूल्यमा उतार चढावः कसैले हुँदै नभएको वा कृत्रिम वा झुठो कारोबार गरी गराई धितोपत्रको मूल्य स्थिर गराएमा, बढाएमा, घटाएमा वा बराबर परिवर्तन गराएमा मूल्यको उतार चढाव गराएको मानिनेछ ।

दफा ९६ धितोपत्र बजारलाई प्रभावित पारेमाः कसैले धितोपत्र कारोबारमा प्रत्यक्ष वा अप्रत्यक्ष प्रभाव पार्न आफैले वा अरुसंग मिली देहायका कुनै काम गरेमा धितोपत्र बजारलाई प्रभावित गरेको मानिनेछः—

(क) कसैलाई धितोपत्र किन्न वा वेच्न उत्साहित गराउने उद्देश्यले वा धितोपत्र खरिद वा बिक्री नगरोस् भन्ने उद्देश्यले कुनै कम्पनीले जारी गरेको धितोपत्रको बजार मूल्य बढाउने,

(ख) कसैलाई धितोपत्र किन्न वा वेच्न उत्साहित गराउने उद्देश्यले वा धितोपत्र खरिद वा बिक्री नगरोस् भन्ने उद्देश्यले कुनै कम्पनीले जारी गरेको धितोपत्रको बजार मूल्य घटाउने,

(ग) कसैलाई धितोपत्र किन्न वा वेच्न उत्साहित गराउने उद्देश्यले वा धितोपत्र खरिद वा बिक्री नगरोस् भन्ने उद्देश्यले कुनै कम्पनीले जारी गरेको धितोपत्रको बजार मूल्यलाई स्थिर बनाउने ।

दफा ९८ जालसाजीयुक्त कारोबार

कसैले कसैसँग धितोपत्र खरिद बिक्री वा विनिमय गर्ने उद्देश्य लिई देहायका कारोवार गरेमा जालसाजी गरेको मानिनेछः

(क) कसैलाई झुक्याउन कुनै प्रविधि, योजना वा काम गरेमा, वा

(ख) कसैलाई झुक्यानमा पारी कुनै काम गराएमा वा काममा लगाएमा ।

दफा १०१ दण्ड सजाय

(२) दफा ९४, ९५ र ९६ बमोजिमको कुनै काम गर्नेलाई पचास हजार रुपैया देखि एकलाख पचास हजार रुपैयासम्म जरिवाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुनेछ र त्यस्तो काम कारवाहीबाट कसैलाई हानी नोक्सानी पर्न गएको रहेछ भने त्यस्तो हानी नोक्सानी समेत भराई दिनु पर्नेछ ।

दफा १०२. नेपाल सरकार वादी हुनेः दफा ९१,९४,९५,९६,९७,९८,९९ र १०० मा उल्लिखित कसूर सम्वन्धी मुद्दामा नेपाल सरकार वादी हुनेछ ।

दफा १०३. प्रारम्भिक जाँचबुझ गर्नेः

(१) कसैले दफा ९१,९४,९५,९६,९७,९८,९९ वा १०० बमोजिमको कसूर गरेको छ भनी कसैको उजूरी बोर्ड वा यस ऐन बमोजिमको मुद्दामा अनुसन्धान गर्ने निकायमा परेमा वा त्यस्तो कसूर सम्वन्धी जानकारी कुनै व्यहोराले वोर्डमा प्राप्त भएमा वा त्यस्तो कसुर भएको छ भन्ने लागेमा



Scanned with CamScanner

Scanned with CamScanner

अध्यक्षले तत्काल बोर्डको अधिकृतस्तरको कर्मचारी मार्फत त्यस्तो उजुरीको प्रारम्भिक जाँचबुझ गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अधिकृतले उजुरीको प्रारम्भिक जाँचबुझ गर्दा कसुरसंग सम्बन्धित व्यक्ति वा संस्थासंग सोधपुछ गर्न, आवश्यक कागज, विवरण तथा अभिलेख माग गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम जाँचबुझ गर्दा प्राप्त कागज तथा प्रमाणबाट उपदफा (१) मा उल्लिखित कसुर गरेको देखिएमा त्यस्तो कसुरमा अनुसन्धान गर्न उजुरी, संकलित विवरण तथा प्रमाण मिसिल कागजात तीस दिनभित्र प्रहरी प्रधान कार्यालयमा पठाउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम अनुसन्धानको लागि उजुरी सहित मिसिल कागजात पठाउँदा बोर्डको तर्फबाट अनुसन्धानमा समन्वय तथा सहयोग गर्नको लागि बोर्डको कुनै अधिकृतको नाम समेत खुलाई पठाउन सकिनेछ ।

१०३क. अनुसन्धान गरी मुद्दा दायर गर्ने:

(१) दफा १०३ बमोजिम अनुसन्धानको लागि उजुरी सहित मिसिल कागजात प्राप्त भएमा वा आफुलाई प्राप्त उजुरी वा जानकारीको सम्बन्धमा प्रारम्भिक जाँचबुझको लागि बोर्डमा पठाइएकोमा बोर्डबाट दफा १०३ को उपदफा (३) बमोजिमको अवधिभित्र कुनै निर्णय नभएमा त्यस्तो उजुरीको सम्बन्धमा समेत प्रहरी प्रधान कार्यालयले कम्तीमा प्रहरी निरीक्षक दर्जाको प्रहरी कर्मचारीलाई अनुसन्धान अधिकारी तोकि कसुरको अनुसन्धान गराउनु पर्नेछ । त्यसरी अनुन्धान गर्दा बोर्डसंग आवश्यक समन्वय गर्न तथा सहयोग लिन सकिनेछ ।

(२) उपदफा (१) बमोजिमको अनुसन्धान अधिकारीले मुद्दाको अनुसन्धान गरी प्रचलित कानून बमोजिमको ढाँचामा अनुसन्धान प्रतिवेदन तयार गरी सम्बन्धित सरकारी वकील कार्यालयमा पठाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्रतिवेदन प्राप्त भएपछि सरकारी वकीलले मुद्दा चल्ने वा नचल्ने निर्णय गरी मुद्दा चल्ने भएमा अनुसन्धानको काम पूरा भएको पैतिस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा मुद्दा दायर गर्नेछ ।

धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा १०८ मा "कुनै सञ्चालक, महाप्रबन्धक वा सो सरहको पद धारण गरेको कुनै व्यक्तिले दफा १०१ बमोजिमको कुनै सजाय पाएमा त्यस्तो सजाय पाएको मितिले दश वर्षको अवधि पुरा नभएसम्म त्यस्तो व्यक्ति कुनै पनि पब्लिक लिमिटेड, कम्पनी वा संस्थाको सञ्चालक, महाप्रबन्धक वा सो सरहको पदमा बहाल हुन योग्य हुने छैन", भन्ने व्यवस्था रहेको ।

धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा धितोपत्र व्यापारी) नियमावली, २०६३

धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा धितोपत्र व्यापारी) नियमावली, २०६३ मा बैंकमार्फत् रकम लेनदेन गर्नुपर्ने र धितोपत्र दलाल व्यवसायीको ग्राहकको रकम तथा कागजातको प्रयोग सम्बन्धमा देहायका व्यवस्थाहरु रहेको छ ।

नियम ३० बैंकमार्फत् रकम लेनदेन गर्नु पर्ने: धितोपत्र दलालले ग्राहकसंग धितोपत्र सम्बन्धी कारोबार गर्दा बैंक मार्फत मात्र रकम लेनदेन गर्नु पर्नेछ ।

नियम ३१ ग्राहकको रकम तथा कागजातको प्रयोग:

(१) धितोपत्र दलालले कुनै ग्राहकको रकम, धितोपत्र तथा कागजात आफ्नो लागि वा अन्य ग्राहकको लागि प्रयोग गर्न पाउने छैन ।

(२) धितोपत्र दलालले धितोपत्र कारोबार गरेपछि प्राप्त गरेको रकम, धितोपत्र वा कागजात त्यसरी प्राप्त गरेकै दिन वा भोलिपल्टसम्म सम्बन्धित पक्षलाई बुझाउनु पर्नेछ ।

(३) धितोपत्र दलालले प्रत्येक ग्राहकको धितोपत्र कारोबार संग सम्बन्धित प्रमाणपत्र तथा रकमको हिसाब स्पष्ट देखिने गरी छुट्टाछुट्टै अभिलेख राख्नुपर्नेछ ।

धितोपत्र सूचीकरण तथा कारोबार नियमावली, २०७५

धितोपत्र कारोबार गर्दा धितोपत्र दलाल व्यवसायीले बैंकमार्फत् कारोबार गर्नुपर्ने र निर्धारित समय भित्र राफसाफ हुने व्यवस्था गर्नुपर्ने सम्बन्धमा देहायको व्यवस्था रहेको छ ।

नियम २० बैंक मार्फत कारोबार गर्नुपर्ने:

(१) धितोपत्रको कारोबार गर्दा वा गराउँदा कारोबारमा संलग्न सबैले बैंकमार्फत् मात्र रकम लिनेदिने गर्नुपर्नेछ ।

(२) धितोपत्र दलालले धितोपत्र कारोबारका लागि सम्बन्धित धितोपत्र बजार वा राफसाफ गर्ने संस्थाले तोकिदिएको बैंकमा खाता खोल्नु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम लिंदा वा दिंदा एकाउण्टपेयी चेक मार्फत वा खाताबाट खातामा भुक्तानी हुने गरी गर्नु पर्नेछ ।

(४) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि धितोपत्र दलालले कारोबारका लागि प्रयोग गर्ने खाता कारोबारसँग सम्बन्धित प्रयोजन बाहेक अन्य प्रयोजनका लागि प्रयोग गर्न पाइनेछैन ।

नियम २५ कारोबारको राफसाफ:



Scanned with CamScanner

(१) धितोपत्र बजारमा कारोबार गर्ने ग्राहकले आफूले गरेको कारोबारको राफसाफ गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम राफसाफको लागि सम्बन्धित ग्राहकसँग लिनु वा दिनुपर्ने धितोपत्र वा रकमको सम्बन्धमा धितोपत्र दलालले आवश्यक व्यवस्था गरी निर्धारित समय भित्र राफसाफ हुने व्यवस्था गर्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम निर्धारित समय धितोपत्र वा रकम बुझाई कारोबार राफसाफ गर्न नसकेको अवस्थामा धितोपत्र बजारले त्यस्तो व्यवसायीलाई तत्काल कारोबार गर्न रोक लगाउनु पर्नेछ ।

**धितोपत्र कारोबार सञ्चालन विनियमावली, २०७५**

धितोपत्र कारोबार गर्दा धितोपत्र दलाल व्यवसायीले अग्रीम रकम लिनुपर्ने सम्बन्धमा धितोपत्र कारोबार सञ्चालन विनियमावली, २०७५ मा देहायको व्यवस्था रहेको छ ।

**विनियम ८ अग्रीम रकम लिनुपर्नेः**

(१) कारोबार सदस्यले खरिद आदेश प्राप्त गर्दा सो आदेश कार्यान्वयन हुँदा कायम हुने अनुमानित रकमको कम्तीमा पच्चीस प्रतिशत रकम सम्बन्धित आदेश दिने ग्राहकबाट अग्रिम रूपमा लिनु पर्नेछ ।

(२) उपविनियम (१) बमोजिम लिएको रकम कारोबार सदस्यले अन्य ग्राहकको कारोबारको फछ्र्यौट गर्नमा प्रयोग गर्न पाउने छैन ।

(३) कारोबार सदस्यले उपविनियम (१) बमोजिम अग्रिम रूपमा लिएको रकमको हिसाब स्पष्टसंग राख्नु पर्नेछ ।

**धितोपत्र कारोबार राफसाफ तथा फछ्र्यौट विनियमावली, २०६९**

धितोपत्र कारोबार राफसाफ तथा फछ्र्यौट विनियमावली, २०६९ मा राफसाफ तथा फर्छ्यौट, राफसाफ सदस्यले खरिद रकम लिनुपर्ने तथा बिक्री रकम दिनुपर्ने सम्बन्धमा देहायको व्यवस्था रहेको छ ।

**विनियम १३ राफसाफ तथा फछ्र्यौटको समयः**

(१) राफसाफ सदस्यले धितोपत्रको राफसाफ तथा फर्छ्यौट कार्य कारोबार भएको दिन बाहेक २ (दुई) कार्य दिन (T+2) भित्र गर्नु पर्नेछ ।

(२) धितोपत्रको राफसाफ तथा फर्छ्यौट कार्यका लागि सिडिएससिले देहाय अनुसार समयको व्यवस्था गर्नेछः—

| **कार्यालय खुलेको दिन** | **समय** |
|---|---|
| आईतवार—बिहिवार | बिहान साढे दश बजे देखि अपरान्ह साढे चार बजे सम्म |

शुक्रवार	विहान साढे दश बजे देखि अपरान्ह एक बजे सम्म

(३) कार्यालय समय अपरान्ह चार बजे सम्म भएको अवधिमा राफसाफ तथा फर्छ्यौट कार्य अपरान्ह साढे तीन बजे सम्म हुनेछ ।

(४) यस विनियममा माथि जुनसुकै कुरा लेखिएको भएतापनि बोर्डको स्वीकृतीमा सिडिएससिले राफसाफ तथा फर्छ्यौटको समय हेरफेर गर्न सक्नेछ ।

**विनियम १६ राफसाफ सदस्यले खरिद रकम लिनु पर्ने:**

(१) राफसाफ सदस्यले आफूले खरिद गरेको धितोपत्र बापतको खरिद मुल्य, सो मा लाग्ने बोर्ड दस्तुर, नेप्से कमिशन, राफसाफ सदस्यको कमिशन आदि ग्राहकबाट लिनु पर्नेछ ।

(२) उपविनियम (१) अनुसार रकम प्राप्त गरे पश्चात् सो को निस्सा ग्राहकलाई दिनु पर्नेछ ।

(३) राफसाफ सदस्यले ग्राहकबाट अग्रीम रकम प्राप्त गरेको भए सो समेत खुलाई निस्सा जारी गर्नु पर्नेछ ।

**विनियम १७ राफसाफ सदस्यले बिक्री रकम दिनु पर्ने:**

(१) राफसाफ सदस्यले आफूले बिक्री गरेको धितोपत्र बापतको बिक्री रकमबाट बोर्ड दस्तुर, नेप्से कमिशन, पूँजीगत लाभकर र आफ्नो कमिशन घटाएर आउने रकम बिक्रीकर्ता ग्राहकलाई सिडिएससिले राफसाफ सदस्यको खातामा जम्मा गरी दिए पश्चात् यथाशीघ्र दिनु पर्नेछ ।

(२) उपविनियम (१) बमोजिम राफसाफ सदस्यले ग्राहकलाई भुक्तानी नदिएको खण्डमा विनियम ३३ बमोजिम कारवाही हुनेछ ।

**कम्पनी ऐन, २०६३**

कम्पनी ऐन, २०६३ को दफा ८२ को उपदफा (३) मा कम्पनीको चुक्ता पुँजीको १० प्रतिशत शेयर लिने शेयरधनीहरुको सम्बन्धमा देहायको व्यवस्था रहेको छ ।

**दफा ८२ विशेष साधारण सभा:**

उपदफा (३) कम्पनीको चुक्ता पुँजीको कम्तीमा दश पर्तिशत शेयर लिने शेयरधनीहरु वा शेयरधनीहरुको जम्मा सङ्ख्याको कम्तीमा पच्चीस प्रतिशत शेयरधनीहरुले कारण खुलाई विशेष साधारण सभा बोलाउन कम्पनीको रजिष्टर्ड कार्यालयमा निवेदन दिई माग गरेमा सञ्चालक समितिले त्यस्तो माग गरेको मितिले बढीमा तीस दिनभित्र बस्ने गरी कम्पनीको विशेष साधारण सभा बोलाउनु पर्नेछ ।

**सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण नियमावली, २०८१**



Scanned with CamScanner

सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण नियमावली, २०८१ को नियम ६ को उपनियम (१) र (२) मा कानूनी व्यक्तिको वास्तविक धनी तथा निज उपर नियन्त्रण गर्न सक्ने सम्बन्धमा देहायको व्यवस्था रहेको छ ।

वास्तविक धनीको पहिचानः

(१) सूचक संस्थाले ऐनको दफा ७ग. बमोजिम कानूनी व्यक्तिको वास्तविक धनीको पहिचान तथा सम्पुष्टि गर्दा देहायका उपाय समेत अवलम्बन गर्नुपर्नेछः–

क) कानूनी व्यक्ति उपर पन्ध्र प्रतिशत वा सो भन्दा बढी प्रभावकारी स्वामित्व राख्ने अन्तिम प्राकृतिक व्यक्ति भए निजको पहिचान,

(२) सूचक संस्थाले वास्तविक धनीको पहिचान तथा सम्पुष्टि गर्दा उपनियम (१) को अतिरिक्त कानूनी व्यक्तिको वास्तविक धनी तथा निज उपर नियन्त्रण गर्न सक्ने देहायका व्यक्तिको समेत पहिचान गर्नु पर्नेछः-

क) कानूनी व्यक्ति उपर नियन्त्रण गर्ने वा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा त्यसको पन्ध्र प्रतिशत वा सोभन्दा बढी शेयर, अन्य स्वामित्व, मूल्य वा मताधिकार वा त्यसको नर्णय उपर नियन्त्रण राख्ने प्राकृतिक व्यक्ति,

ख) व्यवस्थापन वा त्यस्तै कार्य गर्ने प्राकृतिक व्यक्ति,

ग) उल्लेख्य तथा फरक मताधिकार रहेको व्यक्ति,

घ) ऋणका उपकरणबाट नियन्त्रण गर्ने व्यक्ति,

ङ) अन्य कुनै व्यक्तिको नाम वा सम्पत्तिमा आफ्नो नियन्त्रण राख्ने व्यक्ति,

च) पदाधिकारी मनोनयन वा उच्च व्यवस्थापकीय पदको नियुक्तिको अधिकार भएको व्यक्ति ।

## ५. आरोपित व्यक्ति तथा सहयोगीहरूको विवरण

मुख्य आरोपित व्यक्ति

नामः दिपक

थरः भट्ट

उमेरः ४५ वर्ष

नागरिकता नं. १०७ (जारी गर्ने जिल्लाः कैलाली, जारी मितिः २०५६।०२।०९)



Scanned with CamScanner

जन्म स्थानः सुदुरपश्चिम प्रदेश, डडेलधुरा जिल्ला, साविक भद्रपुर गा.वि.स., वडा नं. २

हालको ठेगानाः बागमती प्रदेश, ललितपुर जिल्ला, ललितपुर महानगरपालिका वडा नं.२, सानेपा

पेशाः व्यापारी

बाजेको नामः धनीराम भट्ट

बुवाको नामः चतुर्भुज भट्ट

आमाको नामः नन्दा देवी भट्ट

पत्नीको नामः आयुष्मा नेपाल भट्ट

छाराको नामः अवनिष भट्ट

छोरीको नामः आरध्या भट्ट

अन्य आरोपित व्यक्तिहरु

१) संदीप चाचान, कार्यकारी प्रमुख, भृकुटी स्टक ब्रोकिङ कम्पनी प्रा.लि.

२) शुभी अग्रवाल, बालुवाटार, काठमाडौं

३) ऋषि राज मोर, बानेश्वर, काठमाडौं

४) राज बहादुर शाह, टौखेल, ललितपुर

कसूर गर्न सहयोग गर्ने व्यक्ति तथा संस्थाहरु

१) हिमालयन रिइन्स्योरेन्स लि.

२) हिमालयन क्यापसर्व लि.

३) हिमालय सेक्युरिटिज बैंकर लि.

४) एचएलआई लार्ज क्याप फण्ड

५) नेपाल माइको इन्स्योरेन्स कम्पनी लि.

६) रोहित गुप्ता

७) शेखर गोल्छा

६. संकलित विवरण, कागजात तथा अवस्था

यस विषयमा सुपरीवेक्षण तथा प्रारम्भिक जाँचबुझ गर्ने क्रममा विभिन्न संस्थाहरुसँग विवरण, कागजात तथा जानकारी माग गरिएकोमा सो को विवरण र अवस्था देहायको तालिका १ मा प्रस्तुत गरीएको छ।

तालिका १: माग गरिएको विवरण तथा कागजात

| क्र.स. | माग गरिएको विवरण | प्राप्त विवरण र अवस्था |
|---|---|---|
| १. | मिति २०८२।११।२८ मा बोर्डबाट भृकुटी स्टक ब्रोकिङ्ग कम्पनी प्रा.लि.सँग BOID नम्बर १३०१५०००००२४१६८१ मा रहेका दिपक भट्ट (चतुर्भुज भट्टको छोरा ना.प्र.नं. १०७ कैलाली) बाट NRIC को खरिद र बिक्रीसँग सम्बन्धित रकम, के कुन मितिमा के कुन बैंक/वित्तीय संस्थाको खाताबाट के कुन नम्बरको खातामा भुक्तानी भई कारोबार भएको हो? कारोबारको रकम के कसरी सेटल भएको हो? साथै उक्त भुक्तानी गर्दाको समयमा तहाँले कस्को भुक्तानी रकम बाँकी(Payable) राखी शेयरको रकम भुक्तानी गरी निज दिपक भट्टका नाउँमा सो शेयर खरिद गरी दिएको हो सो सम्बन्धी पूर्ण विवरणहरु माग गरिएको । | मिति २०८२।१२।०१ र मिति २०८२।१२।०८ मा विवरण प्राप्त भएको । |
| २. | मिति २०८२।११।२८ मा श्री नेपाल स्टक एक्सचेञ्ज लिमिटेडसँग BOID नम्बर १३०१५०००००२४१६८१ मा रहेका दिपक भट्ट(चतुर्भुज भट्टको छोरा ना.प्र.नं. १०७ कैलाली)बाट भएको धितोपत्रहरु NBLD85, NIMBD90, SBID83, SBLD89 र NRIC को खरिद र बिक्रीको बारेको पूर्ण विवरणहरु माग गरिएको । | मिति २०८२।१२।०२ मा ईमेल मार्फत विवरण प्राप्त भएको । |
| ३. | मिति २०८२।१२।१० मा भृकुटी स्टक ब्रोकिङ्ग कम्पनी प्रा.लि.सँग BOID नम्बर १३०१५०००००२४१६८१ मा रहेका दिपक भट्ट (चतुर्भुज भट्टको छोरा ना.प्र.नं. १०७ कैलाली) को ग्राहक पहिचान विवरण, नागरिकताको प्रतिलिपी र निजको हालसम्मको कारोबारहरुको खाता (Ledger)को विवरणहरु माग गरिएको । | मिति २०८२।१२।११ मा विवरण प्राप्त भएको । |



Scanned with CamScanner

| | | |
|---|---|---|
| ४. | मिति २०८२।१२।१२ मा भृकुटी स्टक ब्रोकिङ्ग कम्पनी प्रा.लि.सँग दिपक भट्ट (चतुर्भुज भट्टको छोरा ना.प्र.नं. १०७ कैलाली, BOID नम्बर १३०१५०००००२४१६८१) को बारेमा थप विवरणहरु माग गरिएको । | मिति २०८२।१२।१५ मा विवरण प्राप्त भएको । |
| ५. | मिति २०८२।१२।१५ मा भृकुटी स्टक ब्रोकिङ्ग कम्पनी प्रा.लि.सँग मिति २०८२।१२।०१ को पत्रमा उल्लेख गरिएका व्यक्ति/संस्थाहरुको ग्राहक पहिचान विवरण, नागरिकताको प्रतिलिपी र निजहरुको हालसम्मको कारोबारहरुको खाता (Ledger) को विवरणहरु विवरणहरु माग गरिएको । | मिति २०८२।१२।१५ र १६ मा विवरण प्राप्त भएको । |
| ६. | मिति २०८२।१२।१५ मा श्री नेपाल स्टक एक्सचेञ्ज लिमिटेडसँग जाँचबुझको सिलसिलामा धितोपत्रहरु NBLD85, NIMBD90, SBID83, SBLD89 र NRIC को मिति २०८२।०१।०२ देखी हालसम्मको खरिद र बिक्री बारेको पूर्ण बिवरणहरु माग गरिएको । | मिति २०८२।१२।१५ मा ईमेल मार्फत विवरण प्राप्त भएको । |
| ७. | मिति २०८२।१२।१७ मा ग्लोवल आईएमई बैंक लि.सँग भृकुटी स्टक ब्रोकिङ्ग कम्पनी प्रा.लि. को उक्त बैंकमा रहेको खाताको मिति २०८२।०४।०१ देखि हालसम्मको बैंक स्टेटमेन्ट माग गरिएको। | मिति २०८२।१२।१७ मा विवरण प्राप्त भएको । |
| ८. | मिति २०८२।१२।१७ मा भृकुटी स्टक ब्रोकिङ्ग कम्पनी प्रा.लि.सँग उक्त संस्थाको नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. र ग्लोवल आईएमई बैंक लि.मा रहेको बैंक खाताको मिति २०८२।०४।०१ देखि हालसम्मको बैंक स्टेटमेन्ट माग गरिएको। | मिति २०८२।१२।१७ मा विवरण प्राप्त भएको । |
| ९. | मिति २०८२।१२।१७ मा सिद्धार्थ बैंक लि.सँग दिपक भट्टको उक्त बैंकमा रहेको खाताको मिति २०८२।०४।०१ देखि हालसम्मको बैंक स्टेटमेन्ट माग गरिएको। | मिति २०८२।१२।१७ मा विवरण प्राप्त भएको । |
| १०. | मिति २०८२।१२।१७ मा हिमालयन रिइन्स्योरेन्स लि.सँग उक्त संस्थाको संस्थापक शेयरधनीको शेयर लगत माग गरिएको। | मिति २०८२।१२।१७ मा बिवरण प्राप्त भएको । |
| ११. | मिति २०८२।१२।१७ मा नेपाल माइको इन्स्योरेन्स कम्पनी लि.सँग उक्त संस्थाको संस्थापक शेयरधनीको शेयर लगत माग गरिएको। | मिति २०८२।१२।१७ मा विवरण प्राप्त भएको । |
| १२. | मिति २०८२।१२।१७ मा गार्डियन माइक्रो लाइफ इन्स्योरेन्स लि.सँग उक्त संस्थाको संस्थापक शेयरधनीको शेयर लगत माग गरिएको। | मिति २०८२।१२।१७ मा विवरण प्राप्त भएको । |



Scanned with CamScanner

| | | |
|---|---|---|
| १३. | मिति २०८२।१२।१७ मा प्रोटेक्टिभ इन्स्योरेन्स लि.सँग उक्त संस्थाको संस्थापक शेयरधनीको शेयर लगत माग गरिएको। | मिति २०८२।१२।१७ मा विवरण प्राप्त भएको । |
| १४. | मिति २०८२।१२।१७ मा क्रेष्ट माइको लाइफ इन्स्योरेन्स लि.सँग उक्त संस्थाको संस्थापक शेयरधनीको शेयर लगत माग गरिएको। | मिति २०८२।१२।१७ मा विवरण प्राप्त भएको । |
| १५. | मिति २०८२।१२।१८ मा श्री नेपाल स्टक एक्सचेञ्ज लिमिटेडसँग दिपक भट्टले गरेको सूचीकृत संगठित संस्था नेपाल रिइन्स्योरेन्स कम्पनी लि.को शेयर खरिद बिक्री (खरिदकर्ता र बिक्रीकर्ता समेत खुल्ने गरी) विवरणहरु माग गरिएको । | मिति २०८२।१२।१७ मा विवरण प्राप्त भएको । |
| १६. | मिति २०८२।१२।१८ मा श्री नेपाल स्टक एक्सचेञ्ज लिमिटेडसँग सूचीकृत संगठित संस्था नेपाल रिइन्स्योरेन्स कम्पनी लि.को मिति २०८२।०४।०१ देखि हालसम्म भएको शेयर खरिद बिक्रीको विवरणहरु माग गरिएको । | मिति २०८२।१२।१७ मा विवरण प्राप्त भएको । |
| १७. | मिति २०८२।१२।१८ मा ग्लोबल आईएमई बैंक लि.सँग उक्त बैंकमा रहेको खाता नं. ०७५०१०१०००१२६७ को मिति २०८२।०४।०१ देखि हालसम्मको बैंक स्टेटमेन्ट माग गरिएको। | मिति २०८२।१२।१७ मा विवरण प्राप्त भएको । |
| १८. | मिति २०८२।१२।१९ मा नेपाल स्टक एक्सचेञ्ज लि.सँग आरोपित व्यक्ति, सम्बन्धित धितोपत्र दलाल व्यवसायी र अन्य सम्बन्धित व्यक्ति तथा संस्थाले धितोपत्र कारोबार गर्दा प्रयोग गरेको IP Address को विवरण माग गरिएको। | मिति २०८२।१२।२० मा विवरण प्राप्त भएको । |
| १९. | मिति २०८२।१२।२० मा नासा सेक्युरिटिज कम्पनी लि. सँग अमित मोर, साहिल अग्रवाल, राजिब मोर र उपासना पौडेलको ग्राहक पहिचान विवरण, नागरिकताको प्रतिलिपी र निजहरुको हालसम्मको कारोवारहरुको खाता (Ledger) को विवरणहरु माग गरिएको । | मिति २०८२।१२।२२ मा विवरण प्राप्त भएको । |
| २०. | मिति २०८२।१२।२० मा श्रीकृष्ण सेक्युरिटिज लि.सँग शेखर गोल्छा को ग्राहक पहिचान विवरण, नागरिकताको प्रतिलिपी र निजको हालसम्मको कारोबारहरुको खाता (Ledger) को बिवरणहरु माग गरिएको । | मिति २०८२।१२।२२ मा विवरण प्राप्त भएको । |
| २१. | मिति २०८२।१२।२० मा ब्रिलियन्ट सेक्युरिटिज प्रा. लि.सँग अमित मोर र राजिब मोरको ग्राहक पहिचान विवरण, नागरिकताको प्रतिलिपी र निजको हालसम्मको कारोबारहरुको खाता (Ledger) को विवरणहरु माग गरिएको । | मिति २०८२।१२।२२ मा विवरण प्राप्त भएको । |
| २२. | मिति २०८२।१२।२० मा भृकुटि स्टक ब्रोकिङ्ग कम्पनी प्रा. लि.सँग साहिल अग्रवाल, राजिब मोर, उपासना पौडेल, सुलभ अग्रवाल, हिमालयन | मिति २०८२।१२।२२ मा विवरण प्राप्त भएको । |



Scanned with CamScanner

| | | |
|---|---|---|
| | विवरण, नागरिकताको प्रतिलिपी र निजहरुको हालसम्मको कारोबारहरुको खाता (Ledger) को विवरणहरु माग गरिएको। | |
| ३२. | मिति २०८२।१२।२२ मा भृकुटि स्टक ब्रोकिङ्ग कम्पनी प्रा. लि.सँग दिपक भट्टको कारोबारसँग सम्बन्धित विभिन्न विषयहरुमा स्पष्ट गर्न जानकारी माग गरिएको। | मिति २०८२।१२।२२ मा विवरण प्राप्त भएको । |
| ३३. | मिति २०८२।१२।२३ मा नेपाल स्टक एक्सचेञ्ज लि.सँग दिपक भट्ट र निजसँग सम्बन्धित व्यक्ति तथा संस्थाहरुले गरेको नेपाल रिइन्स्योरेन्स कम्पनी लि. (NRIC), एनएलजि इन्स्योरेन्स कम्पनी लि. (NLG), गार्डियन माइक्रो लाइफ इन्स्योरेन्स लि. (GMLI) र नेपाल माइक्रो इन्स्योरेन्स कम्पनी लि. (NMIC) को शेयर कारोबारको विवरण माग गरिएको। | मिति २०८२।१२।२३ मा विवरण प्राप्त भएको । |

**७. प्रारम्भिक जाँचबुझको क्रममा प्राप्त विवरण, कागजात तथा जानकारीबाट प्राप्त तथ्यको प्रस्तुति**

यस प्रारम्भिक जाँचबुझ तथा बोर्डको सुपरिवेक्षणको क्रममा विभिन्न संस्थाहरुसँग माग गरिएको विवरण, कागजात तथा जानकारीबाट प्राप्त तथ्यलाई देहाय अनुसार प्रस्तुत गरिएको छ।

**७.१ दिपक भट्टले गरेको धितोपत्र कारोबार सम्बन्धमा**

**क) दिपक भट्टले धितोपत्र खरिद बिक्री गरेको विवरण**

दिपक भट्टले मिति २०८२।०४।०१ देखि मिति २०८२।१०।२५ सम्म गरेको धितोपत्र कारोबारको विवरण देहायको तालिका २ मा प्रस्तुत गरिएको छ ।

तालिका २: दिपक भट्टले धितोपत्र खरिद बिक्री गरेको विवरण

| धितोपत्रको नाम | खरिद | | बिक्री | |
|---|---|---|---|---|
| | कित्ता | रकम (रु) | कित्ता | रकम (रु) |
| नेपाल रिइन्स्योरेन्स कम्पनी लि. (NRIC) | २०,७२,२१३ | ३,१०,१६,८९,३५८.९० | ९२,९९२ | १२,७०,७१,२२०.०० |
| नबिल डिबेञ्चर २०८५ (NBLD85) | १,००,००० | १०,८०,००,०००.०० | १,००,००० | ११,८१,२१,०००.०० |
| १०% एनआइएमबि डिबेञ्चर २०९० (NIMBD90) | १,०४,४०३ | १२,९५,६४,१२३.०० | १,०४,४०३ | १४,८७,५५,७०४.०० |
| १०.२५% नेपाल एसबिआई डिबेञ्चर २०८३ (SBID83) | ४४,००० | ४,९०,६०,०००.०० | ४४,००० | ५,३९,३८,६५०.०० |
| १०.७५% एसबिएल डिबेञ्चर २०८९ (SBLD89) | ३,३९,२६५ | ४१,७०,६९,६०६.०० | ३,३९,२६५ | ४८,२७,०५,७३३.४० |
| जम्मा | | ३,८०,५३,८३,०८७.९० | | ९३,०५,९२,३०७.४० |



Scanned with CamScanner

ख) दिपक भट्टले धितोपत्र खरिद बिक्री वापतको रकम लिने दिने नगरेको

धितोपत्र दलाल व्यवसायी भृकुटी स्टक ब्रोकिङ्ग कम्पनी प्रा.लि.ले बोर्डमा पेश गरेको विवरण बमोजिम दिपक भट्टको कारोबार खाता TMS No. २०२५०१४३०२६ को विवरण विश्लेषण गर्दा तालिका २ बमोजिमको धितोपत्र खरिद बिक्रीमा दिपक भट्टवाट कुनै पनि रकम भृकुटी स्टक ब्रोकिङ्ग कम्पनी प्रा.लि.लाई दिने र लिने कार्य भएको देखिँदैन ।

ग) रकम भुक्तानी नै नगरी धितोपत्र खरिद र राफसाफको विवरण

धितोपत्र दलाल व्यवसायी भृकुटी स्टक ब्रोकिङ्ग कम्पनी प्रा.लि.ले बोर्डमा पेश गरेको च.नं. ५८८/०८२/८३, मिति २०८२/१२/०१ र च.नं. ५९९/०८२/०८३, मिति २०८२/१२/०८ को पत्रानुसार उक्त धितोपत्र दलाल व्यवसायीको ग्राहकहरुको शेयर खरिद बिक्री तथा कोल्याटूल (धितो) वापत रकम लिने दिने कार्य हुने हुँदा सो मध्येका मौज्दात रकमहरु उक्त कम्पनीमा मौज्दात रहेको रकम राफसाफमा प्रयोग भैरहेको भन्ने व्यहोरा जानकारी गराएको। साथै उक्त धितोपत्र दलाल व्यवसायीले एक करोड रुपैयाँभन्दा बढी रकम तिर्न बाँकी लगानीकर्ताको विवरण समेत बोर्डमा जानकारी गराएको जसलाई देहायको तालिका ३ मा प्रस्तुत गरिएको छ । त्यस्तै भृकुटी स्टक ब्रोकिङ्ग कम्पनी प्रा.लि.ले बोर्डमा पेश गरेको च.नं. ६६१/०८२/८३, मिति २०८२/१२/२२ को पत्रानुसार दिपक भट्टले तालिका ३ मा उल्लिखित व्यक्ति र संस्थाहरुबाट एडभान्समा उक्त धितोपत्र दलाल व्यवसायीलाई रकम उपलब्ध गर्न लगाई उक्त रकम प्रयोग गरी धितोपत्र खरिद गरी लिएको जानकारी गराएको र पत्रको मितिमा निजसँग आवद्ध व्यक्ति र संस्थाहरुसँगको हिसाव बाँकी रहेको विवरण तालिका ४ बमोजिम रहेको छ ।

तालिका ३ धितोपत्र दलाल व्यवसायीले एक करोड रुपैयाँभन्दा बढी रकम तिर्न बाँकी लगानीकर्ताको विवरण

| क्र.सं. | लगानीकर्ताको नाम | दिन बाँकी रकम (रु) |
|---|---|---|
| १ | हिमालय सेक्युरिटिज बैंकर लि. | २२,१९,७१,४४५.०८ |
| २ | हिमालयन क्यापसर्व लि. | ३७,००,००,०००.०० |
| ३ | हिमालयन रिइन्स्योरेन्स लि. | २,७३,३३,१५,१६०.०३ |
| ४ | एचएलआई लार्ज क्याप फण्ड | २५,१४,८४,७४८.८६ |
| ५ | मिना कुमारी अग्रवाल | २,३०,७९,१२५.०४ |
| ६ | नेपाल माइक्रो इन्स्योरेन्स कम्पनी लि. | १६,१७,५२,८७३.८८ |



Scanned with CamScanner

| | | |
|---|---|---|
| ७ | रोहित गुप्ता | ५२,५०,००,०००.०० |
| ८ | शेखर गोल्छा | ५२,५०,००,०००.०० |

तालिका ४ दिपक भट्टसँग आवद्ध व्यक्ति र संस्थाहरुसँग धितोपत्र दलाल व्यवसायीले लिन दिन बाँकी रहेको विवरण

| क्र.सं. | लगानीकर्ताको नाम | लिन बाँकी रकम (रु) | दिन बाँकी रकम (रु) |
|---|---|---|---|
| १ | हिमालय इन्भेष्टमेन्ट बैंकर लि. | २२,२६,३५२.१७ | |
| २ | सुभी अग्रवाल | ६२,८९,५६,३७१.७० | |
| ३ | ऋषि राज मोर | २३,०१,३१,९०२.७० | |
| ४ | राज बहादुर शाह | ८९,७०,९७,३४६.७१ | |
| ५ | दिपक भट्ट | २,७३,३३,१५,१६०.०३ | |
| ६ | हिमालय सेक्युरिटिज बैंकर लि. | | २२,१९,७१,४४५.०८ |
| ७ | हिमालयन क्यापसर्व लि. | | ३७,००,००,०००.०० |
| ८ | हिमालयन रिइन्स्योरेन्स लि. | | २,७३,३३,१५,१६०.०३ |
| ९ | एचएलआई लार्ज क्याप फण्ड | | २५,१४,८४,७४८.८६ |
| १० | नेपाल माइक्रो इन्स्योरेन्स कम्पनी लि. | | १६,१७,५२,८७३.८८ |
| ११ | रोहित गुप्ता | | ५२,५०,००,०००.०० |
| १२ | शेखर गोल्छा | | ५२,५०,००,०००.०० |

भृकुटी स्टक ब्रोकिङ्ग कम्पनी प्रा.लि.को पत्रानुसार तालिका ४ मा उल्लिखित व्यक्ति तथा संस्थाहरुको रकम उक्त तालिकामा उल्लिखित व्यक्ति तथा संस्थाहरुले गर्ने धितोपत्र कारोबार, राफसाफ र फर्छ्यौटमा प्रयोग भएको देखिन्छ।

घ) भृकुटी स्टक ब्रोकिङ्ग कम्पनी प्रा.लि.को बैंक खातामा तालिका ३ मा उल्लिखित संस्था तथा व्यक्तिहरुबाट रकम जम्मा र भुक्तानी सम्वन्धी विवरण

भृकुटी स्टक ब्रोकिङ्ग कम्पनी प्रा.लि.को नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लि. र ग्लोवल आइएमई बैंक लि.को खाता मा विभिन्न मितिमा तालिका ३ र ४ मा उल्लिखित संस्था तथा व्यक्तिहरुबाट रकम जम्मा भएको जसको विवरण तालिका ५ मा प्रस्तुत गरिएको छ । उक्त रकम भृकुटी स्टक ब्रोकिङ्ग



Scanned with CamScanner

दिन

कम्पनी प्रा.लि.ले धितोपत्रको राफसाफ गर्न ग्लोबल आइएमई बैंक लि.मा खोलेको राफसाफ खाताहरु ०७५०१०१०००१२६७ र ०७५०१०१००००७२८ मा रकमान्तर भएको देखिन्छ । त्यस्तै भृकुटी स्टक ब्रोकिङ्ग कम्पनी प्रा.लि.ले धितोपत्रको राफसाफ गर्न ग्लोबल आइएमई बैंक लि.मा खोलेको राफसाफ खाताहरु ०७५०१०१०००१२६७ र ०७५०१०१००००७२८ मा पनि विभिन्न मितिमा रकमहरु जम्मा भएको देखिन्छ । उक्त रकमहरु मध्ये एचएलआई लार्ज क्याप फण्डले जम्मा गरेको रकममध्ये अधिकांश उक्त फण्डको धितोपत्र खरिदका लागि प्रयोग भएको देखिन्छ । अन्य व्यक्ति तथा संस्थाको हकमा भृकुटी स्टक ब्रोकिङ्ग कम्पनी प्रा.लि.बाट उक्त व्यक्ति तथा संस्थाहरुले रकम लिन बाँकी भएको अवस्थामा समेत थप रकम जम्मा गरेको तथा धितोपत्र बिक्री बापतको रकम नलिएको देखिन्छ । एचएलआई लार्ज क्याप फण्डले मिति ता. २१।०९।२०२५ देखि ता. २६।०३।२०२६ सम्म भृकुटी स्टक ब्रोकिङ्ग कम्पनी प्रा.लि.को खातामा रु ३,१७,००,००,००० को रकम जम्मा गरेको, रु ७०,८५,१०,१७५ को धितोपत्र बिक्री गरेको र रु ३,६५,५९,४६,५८५.१५ को धितोपत्र खरिद गरेको देखिन्छ । एचएलआई लार्ज क्याप फण्डले मिति ता. २६।०३।२०२६ मा भृकुटी स्टक ब्रोकिङ्ग कम्पनी प्रा.लि. बाट रु २२,२५,६३,५९०.७१ रकम लिन बाँकी देखिन्छ ।

तालिका ५ भृकुटी स्टक ब्रोकिङ्ग कम्पनी प्रा.लि.को बैंक खातामा जम्मा भएको रकमको विवरण

| मिति | भृकुटि स्टक ब्रोकरले रकम लिई उक्त ब्रोकरको धितोपत्र राफसाफ (Settlement) खातामा रकमान्तर गरेको रकम | रकम जम्मा गर्ने व्यक्ति/संस्थाको नाम |
|---|---|---|
| ०७/०८/२०२५ | १०,००,००,०००.०० | राज बहादुर शाह |
| ०७/०९/२०२५ | १५,००,००,०००.०० | राज बहादुर शाह |
| ०७/११/२०२५ | १०,००,००,०००.०० | राज बहादुर शाह |
| ०७/०८/२०२५ | ५,००,००,०००.०० | राज बहादुर शाह |
| ०७/१७/२०२५ | २,००,००,०००.०० | हिमालय सेक्युरिटि बैंकर लि |
| ०७/१८/२०२५ | १०,००,००,०००.०० | रोहित गुप्ता |
| ०७/२०/२०२५ | १०,००,००,०००.०० | रोहित गुप्ता |
| ०७/२०/२०२५ | १०,००,००,०००.०० | शेखर गोल्छा |
| ०७/२१/२०२५ | १०,००,००,०००.०० | शेखर गोल्छा |
| ०७/२२/२०२५ | ५,००,००,०००.०० | रोहित गुप्ता |
| ०७/२२/२०२५ | १,००,००,०००.०० | रोहित गुप्ता |



Scanned with CamScanner

| | | |
|---|---|---|
| ०७/२२/२०२५ | ४,००,००,०००.०० | रोहित गुप्ता |
| ०७/२३/२०२५ | ५,००,००,०००.०० | रोहित गुप्ता |
| ०७/२३/२०२५ | २०,००,००,०००.०० | शेखर गोल्छा |
| ०७/२३/२०२५ | १२,००,००,०००.०० | हिमालयन रिइन्स्योरेन्स कम्पनी लि |
| ०७/२४/२०२५ | १०,००,००,०००.०० | राज बहादुर शाह |
| ०७/२५/२०२५ | १०,००,००,०००.०० | शेखर गोल्छा |
| ०७/२७/२०२५ | १०,००,००,०००.०० | रोहित गुप्ता |
| ०७/२८/२०२५ | १२,५०,००,०००.०० | हिमालयन रिइन्स्योरेन्स कम्पनी लि |
| ०७/२९/२०२५ | ३०,००,००,०००.०० | हिमालयन रिइन्स्योरेन्स कम्पनी लि |
| ०८/०५/२०२५ | २,००,००,०००.०० | हिमालयन रिइन्स्योरेन्स कम्पनी लि |
| ०८/०५/२०२५ | १,००,००,०००.०० | नेपाल माइक्रो इन्स्योरेन्स कम्पनी लि |
| ०८/०६/२०२५ | २,५०,००,०००.०० | राज बहादुर शाह |
| ०८/०७/२०२५ | १,५०,००,०००.०० | रोहित गुप्ता |
| ०८/०७/२०२५ | १,००,००,०००.०० | रोहित गुप्ता |
| ०८/०८/२०२५ | २,५०,००,०००.०० | शेखर गोल्छा |
| ०९/२३/२०२५ | ५०,००,०००.०० | हिमालयन क्यापसर्भ लि |
| ०९/२३/२०२५ | १,००,००,००,०००.०० | एचएलआई लार्ज क्याप फण्ड |
| ०९/२८/२०२५ | ७,००,००,०००.०० | एचएलआई लार्ज क्याप फण्ड |
| १०/१३/२०२५ | १,२१,२२,९८८.२५ | हिमालयन क्यापसर्भ लि |
| १०/१३/२०२५ | ५०,००,००,०००.०० | एचएलआई लार्ज क्याप फण्ड |
| १०/२८/२०२५ | १०,००,००,०००.०० | हिमालयन रिइन्स्योरेन्स कम्पनी लि |
| १०/२९/२०२५ | १०,००,००,०००.०० | एचएलआई लार्ज क्याप फण्ड |
| १०/२९/२०२५ | १०,००,००,०००.०० | एचएलआई लार्ज क्याप फण्ड |
| १०/२९/२०२५ | ५,००,००,०००.०० | एचएलआई लार्ज क्याप फण्ड |
| ११/१०/२०२५ | २५,००,००,०००.०० | एचएलआई लार्ज क्याप फण्ड |
| ११/१८/२०२५ | ५०,००,००,०००.०० | एचएलआई लार्ज क्याप फण्ड |
| १२/०१/२०२५ | १०,००,००,०००.०० | एचएलआई लार्ज क्याप फण्ड |
| १२/०८/२०२५ | १०,००,००,०००.०० | एचएलआई लार्ज क्याप फण्ड |
| १२/१८/२०२५ | ४,००,००,०००.०० | हिमालयन क्यापसर्भ लि |
| १२/१९/२०२५ | १५,००,००,०००.०० | एचएलआई लार्ज क्याप फण्ड |
| ०१/१४/२०२६ | १,००,००,०००.०० | हिमालयन क्यापसर्भ लि |

| | | |
|---|---|---|
| ०२/०५/२०२६ | २५,००,००,०००.०० | एचएलआई लार्ज क्याप फण्ड |

ङ) तालिका ३ मा उल्लिखित भृकुटी स्टक ब्रोकिङ्ग कम्पनी प्रा.लि.का संस्थागत ग्राहकहरुको शेयरधनी र व्यक्तिगत ग्राहकको दिपक भट्ट तथा एकआपसमा भएको सम्बन्धको विवरण

यस विषयमा जाँचबुझ गर्दा सम्बन्धित संस्थाको शेयर लगत तथा दिपक भट्ट र संस्थाहरुको ग्राहक परिचय विवरणलाई आधार लिइएकोमा यससम्बन्धमा देहाय अनुसार देखिन्छ र यसलाई चार्ट १ मा प्रस्तुत गरिएको छ ।

- हिमालय सेक्युरिटिज बैंकर लि.को शेयरधनी लगत बमोजिम उक्त संस्थामा हिमालयन रिइन्स्योरेन्स लि.को ७५ प्रतिशत, दिपक भट्टको ७ प्रतिशत, शेखर गोल्छाको २.५ प्रतिशत शेयर स्वामित्व रहेको देखिन्छ ।
- हिमालयन इन्भेष्टमेन्ट बैंकर लि.को शेयरधनी लगत बमोजिम उक्त संस्थामा दिपक भट्टकी पत्नी आयुष्मा नेपालको ८.२५ प्रतिशत शेयर स्वामित्व रहेको देखिन्छ । हिमालयन इन्भेष्टमेन्ट बैंकर लि.ले एचएलआई लार्ज क्याप फण्ड (HLI Large Cap Fund) नामक सामूहिक लगानी कोषको योजना सञ्चालन गरेको छ ।
- हिमालयन रिइन्स्योरेन्स कम्पनी लि.ले बोर्डमा पेश गरेको संस्थापक शेयरधनीको शेयर लगत बमोजिम उक्त संस्थामा दिपक भट्ट एकल सञ्चालक रहेको इन्फिनिटी होल्डिङ्स् प्रा.लि. (हिमालयन रिइन्स्योरेन्स कम्पनी लि.को बोर्डबाट स्वीकृत विवरणपत्रको दफा ग.५.क को बुँदा नं. २ बमोजिम) को ४.५ प्रतिशत, शेखर गोल्छा सञ्चालक रहेको हंशराज हुलासचन्द एण्ड कम्पनी प्रा.लि. (हिमालयन रिइन्स्योरेन्स लि.को बोर्डबाट स्वीकृत विवरणपत्रको दफा ग.५.क को बुँदा नं. २ बमोजिम) को २.० प्रतिशत शेयर स्वामित्व रहेको देखिन्छ ।
- नेपाल माइक्रो इन्स्योरेन्स कम्पनी लि.ले बोर्डमा पेश गरेको संस्थापक शेयरधनीको शेयर लगत बमोजिम उक्त संस्थामा दिपक भट्टको १५ प्रतिशत शेयर स्वामित्व रहेको देखिन्छ ।
- गार्डियन माइक्रो लाइफ इन्स्योरेन्स कम्पनी लि.ले बोर्डमा पेश गरेको संस्थापक शेयरधनीको शेयर लगत बमोजिम उक्त संस्थामा दिपक भट्टको १५ प्रतिशत शेयर स्वामित्व रहेको देखिन्छ।
- क्रेस्ट माइक्रो लाइफ इन्स्योरेन्स कम्पनी लि.ले बोर्डमा पेश गरेको संस्थापक शेयरधनीको शेयर लगत बमोजिम उक्त संस्थामा हिमालयन रिइन्स्योरेन्स लि.को १५ प्रतिशत शेयर स्वामित्व रहेको देखिन्छ ।




Scanned with CamScanner

- प्रोटेक्टिभ माइक्रो इन्स्योरेन्स कम्पनी लि. बोर्डमा पेश गरेको संस्थापक शेयरधनीको शेय लगत बमोजिम उक्त संस्थामा हिमालयन रिइन्स्योरेन्स लि.को २१.४३ प्रतिशत शेयर स्वामित्व रहेको देखिन्छ ।
- हिमालयन रिइन्स्योरेन्स लि.मा शेयर गोल्छा मिति २०८२/११/२५ सम्म अध्यक्ष रहेको र रोहित गुप्ता उक्त संस्थामा मिति २०८०/११/२० देखि हालसम्म सञ्चालक रहेको देखिन्छ।
- हिमालयन क्यापसर्व लि. नामक कम्पनी हिमालयन रिइन्स्योरेन्स लि.को शत् प्रतिशत स्वामित्वमा स्थापित कम्पनी रहेको देखिन्छ।
- त्यस्तै तालिका ४ मा उल्लिखित शुभी अग्रवालको पति शुलभ अग्रवाल सूचीकृत संगठित संस्था हिमालयन लाइफ इन्स्योरेन्स लि.मा मिति २०८०।१०।१८ देखि २०८२।१२।१९ सम्म अध्यक्षको रुपमा कार्यरत रहेको देखिन्छ ।



Scanned with CamScanner

चार्ट १: दिपक भट्टसँग सम्वन्धित कम्पनी र उक्त कम्पनीमा निजको सम्वन्धको विवरण




च) नेपाल रिइन्स्योरेन्स कम्पनी लि.को शेयर मूल्यमा भएको वृद्धि र दिपक भट्टसँग सम्वन्धित तालिका ४ मा उल्लिखित व्यक्ति तथा संस्था र शुभी अग्रवालको पति शुलभ अग्रवाल अध्यक्ष रहेको हिमालयन लाइफ इन्स्योरेन्स लि.सँग खरिद बिक्री भएको विवरण


नेपाल रिइन्स्योरेन्स कम्पनी लि. (NRIC) को मिति २०८२।०१।०२ देखि मिति २०८२।१२।१२ सम्मको हरेक कारोवार दिनको अन्तिम मूल्यको विवरण र दिपक भट्टको कारोवारको विवरण चार्ट २ मा प्रस्तुत गरिएको छ ।



Scanned with CamScanner

Scanned with CamScanner

चार्ट २: NRIC को मिति २०८२।०१।०२ देखि मिति २०८२।१२।१२ सम्मको हरेक कारोबार दिनको अन्तिम मूल्य




- खरिद शुरुको अवस्था: दिपक भट्टले मिति ता २०२५।०७।२१ को दिउँसो १२:५६ मा NRIC को शेयर रु १,४६१ मा खरिद गर्न शुरु गरेको ।
- Gen Z आन्दोलन हुनु अगाडि दिपक भट्टले अन्तिम पटक मिति ता २०२५।०८।२६ को दिउँसो ३:५९ मा NRIC को शेयर रु १,६८६.१० मा खरिद गरेको ।
- दिपक भट्टले मिति २०८२।०४।०५ देखि मिति २०८२।०५।१० (ता २०२५।०७।२१ देखि ता २०२५।०८।२६ सम्म) NRIC को १४,३३,६५२ कित्ता शेयर रु २,२६,६४,८१,१८३ मा खरिद गरेको ।
- भाद्र २३ र २४ को Gen Z आन्दोलन पश्चात् ता २०२५।०९।१८ मा नेप्से परिसूचक ६ प्रतिशतले घट्दा NRIC को शेयर मूल्य रु १,४६८.७० भएको ।
- दिपक भट्टले Gen Z आन्दोलन पश्चात् मिति २०८२।०६।२६ देखि मिति २०८२।१०।२५ (ता २०२५।१०।१२ देखि ता २०२६।०२।०८ सम्म) NRIC को ६,५८,१२० कित्ता शेयर रु ८६,१९,५७,२०९.८० मा खरिद गरेको ।
- दिपक भट्टले NRIC को शेयर तालिका ४ मा उल्लिखित निज सम्वद्ध व्यक्ति तथा संस्थाहरु र शुभी अग्रवालको पति सुलभ अग्रवाल अध्यक्ष रहेको हिमालयन लाइफ इन्स्योरेन्स लि.सँग खरिद बिक्री गरेको बिवरण तालिका ६ मा प्रस्तुत गरिएको छ।

तालिका ६: दिपक भट्टले आफू सम्वद्ध व्यक्ति तथा संस्थाहरुसँग NRIC को शेयर खरिद बिक्री गरेको विवरण

| खरिदकर्ता | बिक्रीकर्ता | कित्ता | रकम (रु) |
|---|---|---|---|
| हिमालयन लाइफ इन्स्योरेन्स लि. | दिपक भट्ट | ७२,७९० | ९,८७,२२,३००.०० |

तालिका ६ मा उल्लिखित व्यक्ति तथा संस्था मध्ये हिमालयन लाइफ इन्स्योरेन्स लि.ले धितोपत्र दलाल व्यवसायीहरु अनलाइन सेक्युरिटिज प्रा.लि.बाट कारोवार गरेको र दिपक भट्टले भृकुटी स्टक ब्रोकिङ्ग कम्पनी प्रा.लि.बाट कारोवार गरेको देखिन्छ।

छ) दिपक भट्टले नविल डिवेञ्चर २०८५ (NBLD85) खरिद बिक्री गरेको विवरण

दिपक भट्टले मिति २०८२।०७।२३ (२०२५।११।०९) मा नविल डिवेञ्चर २०८५ (NBLD85) को १,००,००० कित्ता ऋणपत्र रु १,०८० को दरमा जम्मा रु १०,८०,००,००० मा खरिद गरेको र उक्त ऋणपत्र मिति २०८२।०७।३० (२०२५।११।१६) मा विभिन्न मूल्यमा जम्मा रु ११,८१,२१,००० मा बिक्री गरेको देखिन्छ । दिपक भट्टले नविल डिवेञ्चर २०८५ NBLD85 खरिद बिक्री गरेको विवरण तालिका ७ मा र खरिद बिक्री गर्दा प्रयोग भएको IP Address तालिका ८ मा प्रस्तुत गरिएको छ । त्यस्तै निजले उक्त ऋणपत्र निजसँग सम्वन्धित कम्पनीहरुसँग नै खरिद बिक्री गरेको तथा खरिद बिक्री गर्दा एउटै IP Address प्रयोग भएको देखिन्छ जुन सम्बन्धलाई चार्ट ३ मा प्रस्तुत गरिएको छ ।

तालिका ७: दिपक भट्टले नविल डिवेञ्चर २०८५ (NBLD85) खरिद बिक्री गरेको विवरण

| मिति (इ.सं.) | खरिदकर्ता | बिक्रीकर्ता | कित्ता | प्रति कित्ता मूल्य (रु) | रकम (रु) |
|---|---|---|---|---|---|
| २०२५/११/०९ | दिपक भट्ट | हिमालयन रिइन्स्योरेन्स लि. | १,००,००० | १,०८० | १०,८०,००,०००.०० |
| २०२५/११/१६ | गार्डियन माइक्रो लाइफ इन्स्योरेन्स लि. | दिपक भट्ट | १,००० | १,१०० | ११,००,०००.०० |
| | | | १,००० | १,१२० | ११,२०,०००.०० |
| | | | १,००० | १,१४० | ११,४०,०००.०० |
| | | | ९७५ | १,१६० | ११,३१,०००.०० |
| | | दिपक भट्ट | २५ | १,१६० | २९,०००.०० |
| | | | ४९,९७५ | १,१८२ | ५,९०,७०,४५०.०० |



Scanned with CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| | केस्ट माइको लाइफ इन्स्योरेन्स लि. | | २५ | १,१८२ | २९,५५०.०० |
| | | | १६,००० | १,१८२ | १,८९,१२,०००.०० |
| | प्रोटेक्टिभ माइक्रो इन्स्योरेन्स लि. | दिपक भट्ट | ८,००० | १,१८५ | ९४,८०,०००.०० |
| | लिबर्टी माइको लाइफ इन्स्योरेन्स लि. | दिपक भट्ट | ५,००० | १,१८६ | ५९,३०,०००.०० |
| | | | १५,००० | १,१८७ | १,७८,०५,०००.०० |
| | | | २,००० | १,१८७ | २३,७४,०००.०० |


तालिका ३९ मा उल्लिखित व्यक्ति तथा संस्थाहरु मध्ये हिमालयन लाइफ इन्स्योरेन्स लि.ले धितोपत्र दलाल व्यवसायी अग्रवाल सेक्युरिटिज प्रा.लि.बाट कारोबार गरेको र अन्य व्यक्ति तथा संस्थाहरुले भृकुटी स्टक ब्रोकिङ्ग कम्पनी प्रा.लि.बाट कारोबार गरेको देखिन्छ।

## ७.१० नेपाल माइक्रो इन्स्योरेन्स कम्पनी लि.ले गरेको धितोपत्रको कारोबार सम्बन्धी विवरण

नेपाल माइक्रो इन्स्योरेन्स कम्पनी लि.ले NRIC को शेयर खरिद बिक्री गरेको देखिन्छ जसको विवरण तालिका ४० मा प्रस्तुत गरिएको छ।

तालिका ४०: नेपाल माइक्रो इन्स्योरेन्स कम्पनी लि.ले NRIC को शेयर खरिद बिक्री गरेको विवरण

| शेयरको नाम | खरिद | | बिक्री | |
|---|---|---|---|---|
| | कित्ता | रकम (रु) | कित्ता | रकम (रु) |
| नेपाल माइक्रो इन्स्योरेन्स कम्पनी लि. (NRIC) | २,७३,२०७ | ३३,१७,२७,५९९.५० | २,७३,२०७ | ४१,४१,५६,२६०.३० |

नेपाल माइक्रो इन्स्योरेन्स कम्पनी लि.ले उक्त कम्पनीको शेयर तालिका ४ मा उल्लिखित सम्बद्ध व्यक्ति तथा संस्थाहरु र शुभी अग्रवालको पति सुलभ अग्रवाल अध्यक्ष रहेको हिमालयन लाइफ इन्स्योरेन्स लि.सँग खरिद बिक्री गरेको विवरण तालिका ४१ मा प्रस्तुत गरिएको छ।



Scanned with CamScanner

तालिका ४१: नेपाल माइक्रो इन्स्योरेन्स कम्पनी लि.ले सम्बद्ध व्यक्ति तथा संस्थाहरुसँग NRIC को शेयर खरिद बिक्री गरेको विवरण

| खरिदकर्ता | बिक्रीकर्ता | कित्ता | रकम (रु) |
|---|---|---|---|
| नेपाल माइक्रो इन्स्योरेन्स कम्पनी लि. | शुभी अग्रवाल | १,४२,२४० | १७,४८,६८,९५०.०० |
| हिमालयन लाइफ इन्स्योरेन्स लि. | नेपाल माइक्रो इन्स्योरेन्स कम्पनी लि. | ६,००० | ७३,९८,०००.०० |
| शुभी अग्रवाल | नेपाल माइक्रो इन्स्योरेन्स कम्पनी लि. | ४५,८३२ | ५,८८,७३,२८८.०० |

तालिका ४१ मा उल्लिखित व्यक्ति तथा संस्थाहरु मध्ये हिमालयन लाइफ इन्स्योरेन्स लि.ले धितोपत्र दलाल व्यवसायी अग्रवाल सेक्युरिटिज प्रा.लि.बाट कारोबार गरेको र अन्य व्यक्ति तथा संस्थाहरुले भृकुटी स्टक ब्रोकिङ्ग कम्पनी प्रा.लि.बाट कारोबार गरेको देखिन्छ।

## ७.११ क्रेष्ट माइक्रो लाइफ इन्स्योरेन्स लि.ले गरेको धितोपत्रको कारोबार सम्बन्धी विवरण

क्रेष्ट माइक्रो लाइफ इन्स्योरेन्स लि.ले NRIC र NLG को शेयर खरिद बिक्री गरेको देखिन्छ जसको विवरण तालिका ४२ मा प्रस्तुत गरिएको छ।

तालिका ४२: क्रेष्ट माइक्रो लाइफ इन्स्योरेन्स लि.ले NRIC र NLG को शेयर खरिद बिक्री गरेको विवरण

| शेयरको नाम | खरिद | | बिक्री | |
|---|---|---|---|---|
| | कित्ता | रकम (रु) | कित्ता | रकम (रु) |
| नेपाल रिइन्स्योरेन्स कम्पनी लि. (NRIC) | १,०७,९९६ | १३,७५,९२,७८०.०० | ६७,७९६ | १०,५०,४८,८८०.५० |
| एनएलजी इन्स्योरेन्स कम्पनी लि. (NLG) | ८७,१०३ | ६,५६,५२,९१०.९० | — | — |

क्रेष्ट माइक्रो लाइफ इन्स्योरेन्स लि.ले उक्त कम्पनीहरुको शेयर तालिका ४ मा उल्लिखित सम्बद्ध व्यक्ति तथा संस्थाहरु र शुभी अग्रवालको पति सुलभ अग्रवाल अध्यक्ष रहेको हिमालयन लाइफ इन्स्योरेन्स लि.सँग खरिद बिक्री गरेको विवरण तालिका ४३ (NRIC को) र तालिका ४४ (NLG को) मा प्रस्तुत गरिएको छ।



Scanned with CamScanner

तालिका ४३: क्रेष्ट माइक्रो लाइफ इन्स्योरेन्स लि.ले सम्बद्ध व्यक्ति तथा संस्थाहरुसँग NRIC को शेयर खरिद बिक्री गरेको विवरण

| खरिदकर्ता | बिक्रीकर्ता | कित्ता | रकम (रु) |
|---|---|---|---|
| क्रेष्ट माइक्रो लाइफ इन्स्योरेन्स लि. | शुभी अग्रवाल | ४८,५७३ | ७,७९,४६,३४२.०० |
| क्रेष्ट माइक्रो लाइफ इन्स्योरेन्स लि. | एचएलआई लार्ज क्याप फण्ड | ६,६१३ | ७१,०८,९७५.०० |
| हिमालयन लाइफ इन्स्योरेन्स लि. | क्रेष्ट माइक्रो लाइफ इन्स्योरेन्स लि. | ५२१ | ६,९५,०१४.०० |

तालिका ४३ मा उल्लिखित व्यक्ति तथा संस्थाहरुले मध्ये हिमालयन लाइफ इन्स्योरेन्स लि.ले धितोपत्र दलाल व्यवसायी अग्रवाल सेक्युरिटिज प्रा.लि. बाट र अन्यले भृकुटी स्टक ब्रोकिङ्ग कम्पनी प्रा.लि.बाट कारोबार गरेको देखिन्छ।

तालिका ४४: क्रेष्ट माइक्रो लाइफ इन्स्योरेन्स लि.ले सम्बद्ध व्यक्ति तथा संस्थाहरुसँग NLG को शेयर खरिद बिक्री गरेको विवरण

| खरिदकर्ता | बिक्रीकर्ता | कित्ता | रकम (रु) |
|---|---|---|---|
| क्रेष्ट माइक्रो लाइफ इन्स्योरेन्स लि. | हिमालयन रिइन्स्योरेन्स लि. | ७५,००० | ५,३५,५०,०००.०० |
| क्रेष्ट माइक्रो लाइफ इन्स्योरेन्स लि. | गार्डियन माइक्रो लाइफ इन्स्योरेन्स लि. | ११,९२७ | १,१९,२७,०००.०० |

तालिका ४४ मा उल्लिखित व्यक्ति तथा संस्थाहरुले भृकुटी स्टक ब्रोकिङ्ग कम्पनी प्रा.लि.बाट कारोबार गरेको देखिन्छ ।

७.१२ गार्डियन माइक्रो लाइफ इन्स्योरेन्स लि.ले गरेको धितोपत्रको कारोबार सम्बन्धी विवरण

गार्डियन माइक्रो लाइफ इन्स्योरेन्स लि.ले NRIC र NLG को शेयर खरिद बिक्री गरेको देखिन्छ जसको विवरण तालिका ४५ मा प्रस्तुत गरिएको छ।

तालिका ४५: गार्डियन माइक्रो लाइफ इन्स्योरेन्स लि.ले NRIC र NLG को शेयर खरिद बिक्री गरेको विवरण

| शेयरको नाम | खरिद | | बिक्री | |
|---|---|---|---|---|
| | कित्ता | रकम (रु) | कित्ता | रकम (रु) |
| नेपाल रिइन्स्योरेन्स कम्पनी लि. (NRIC) | २,०१,५२८ | २३,८२,५१,८७१.०० | २,०१,५२८ | २८,४५,०३,६८३.०० |
| एनएलजी इन्स्योरेन्स कम्पनी लि. (NLG) | १,५४,९९८ | १२,३७,७५,५११.२० | ५९,९९८ | ६,०१,६६,१६९.७० |

गार्डियन माइक्रो लाइफ इन्स्योरेन्स लि.ले उक्त कम्पनीहरुको शेयर तालिका ४ मा उल्लिखित सम्वद्ध व्यक्ति तथा संस्थाहरु र शुभी अग्रवालको पति सुलभ अग्रवाल अध्यक्ष रहेको हिमालयन लाइफ इन्स्योरेन्स लि.सँग खरिद बिक्री गरेको विवरण तालिका ४६ (NRIC को) र तालिका ४७ (NLG को) मा प्रस्तुत गरिएको छ।

तालिका ४६: गार्डियन माइक्रो लाइफ इन्स्योरेन्स लि.ले सम्वद्ध व्यक्ति तथा संस्थाहरुसँग NRIC को शेयर खरिद बिक्री गरेको विवरण

| खरिदकर्ता | बिक्रीकर्ता | कित्ता | रकम (रु) |
|---|---|---|---|
| गार्डियन माइक्रो लाइफ इन्स्योरेन्स लि. | हिमालयन लाइफ इन्स्योरेन्स लि. | ४,०३० | ४०,२१,९४०.०० |
| गार्डियन माइक्रो लाइफ इन्स्योरेन्स लि. | शुभी अग्रवाल | ९,९५० | १,३५,७५,९८०.०० |
| हिमालयन लाइफ इन्स्योरेन्स लि. | गार्डियन माइक्रो लाइफ इन्स्योरेन्स लि. | ३३,०३२ | ३,८०,५५,२८२.१० |
| क्रेष्ट माइक्रो लाइफ इन्स्योरेन्स लि. | गार्डियन माइक्रो लाइफ इन्स्योरेन्स लि. | ६,६१३ | ७१,०८,९७५.०० |

तालिका ४६ मा उल्लिखित व्यक्ति तथा संस्थाहरुले मध्ये हिमालयन लाइफ इन्स्योरेन्स लि.ले धितोपत्र दलाल व्यवसायी डाइनामिक मनि म्यानेजर्स सेक्युरिटिज प्रा.लि. बाट र अन्यले भृकुटी स्टक ब्रोकिङ्ग कम्पनी प्रा.लि.बाट कारोबार गरेको देखिन्छ।



Scanned with CamScanner

तालिका ४७: गार्डियन माइक्रो लाइफ इन्स्योरेन्स लि.ले सम्वद्ध व्यक्ति तथा संस्थाहरुसँग NLG को शेयर खरिद बिक्री गरेको विवरण

| खरिदकर्ता | बिक्रीकर्ता | कित्ता | रकम(रु) |
|---|---|---|---|
| गार्डियन माइक्रो लाइफ इन्स्योरेन्स लि. | हिमालयन रिइन्स्योरेन्स लि. | ९४,३६० | ६,७४,६७,४००.०० |
| हिमालयन रिइन्स्योरेन्स लि. | गार्डियन माइक्रो लाइफ इन्स्योरेन्स लि. | १०० | १,०२,९००.०० |
| शुभी अग्रवाल | गार्डियन माइक्रो लाइफ इन्स्योरेन्स लि. | १० | १०,१०० |
| केष्ट माइक्रो लाइफ इन्स्योरेन्स लि. | गार्डियन माइक्रो लाइफ इन्स्योरेन्स लि. | ११,९२७ | १,१९,२७,०००.०० |

तालिका ४७ मा उल्लिखित व्यक्ति तथा संस्थाहरुले भृकुटी स्टक ब्रोकिङ्ग कम्पनी प्रा.लि.बाट कारोबार गरेको देखिन्छ ।

७.१३ लिबर्टि माइक्रो लाइफ इन्स्योरेन्स लि.ले गरेको धितोपत्रको कारोबार सम्बन्धी विवरण

लिबर्टि माइक्रो लाइफ इन्स्योरेन्स लि.ले NRIC र NLG को शेयर खरिद बिक्री गरेको देखिन्छ जसको विवरण तालिका ४८ मा प्रस्तुत गरिएको छ।

तालिका ४८: लिबर्टि माइक्रो लाइफ इन्स्योरेन्स लि.ले NRIC र NLG को शेयर खरिद बिक्री गरेको विवरण

| शेयरको नाम | खरिद | | बिक्री | |
|---|---|---|---|---|
| | कित्ता | रकम (रु) | कित्ता | रकम (रु) |
| नेपाल रिइन्स्योरेन्स कम्पनी लि. (NRIC) | १५,०३१ | १,५९,८२,१६०.०० | १,३४७ | १८,११,५९५.०० |
| एनएलजी इन्स्योरेन्स कम्पनी लि. (NLG) | ७०,००० | ५,०१,२०,०००.०० | — | — |

लिबर्टि माइक्रो लाइफ इन्स्योरेन्स लि.ले उक्त कम्पनीहरुको शेयर तालिका ४ मा उल्लिखित सम्वद्ध व्यक्ति तथा संस्थाहरु र शुभी अग्रवालको पति सुलभ अग्रवाल अध्यक्ष रहेको हिमालयन लाइफ इन्स्योरेन्स लि.सँग खरिद बिक्री गरेको विवरण तालिका ४९ (NRIC को) र तालिका ५० (NLG को) मा प्रस्तुत गरिएको छ।



Scanned with CamScanner

तालिका ४९: लिबर्टि माइक्रो लाइफ इन्स्योरेन्स लि.ले सम्वद्ध व्यक्ति तथा संस्थाहरुसँग NRIC को शेयर खरिद बिक्री गरेको विवरण

| खरिदकर्ता | बिक्रीकर्ता | कित्ता | रकम (रु) |
|---|---|---|---|
| लिबर्टि माइक्रो लाइफ इन्स्योरेन्स लि. | शुभी अग्रवाल | १०,००० | ९८,००,०००.०० |

तालिका ४९ मा उल्लिखित व्यक्ति तथा संस्थाहरुले भृकुटी स्टक ब्रोकिङ्ग कम्पनी प्रा.लि.बाट कारोबार गरेको देखिन्छ।

तालिका ५०: लिबर्टि माइक्रो लाइफ इन्स्योरेन्स लि.ले सम्वद्ध व्यक्ति तथा संस्थाहरुसँग NLG को शेयर खरिद बिक्री गरेको विवरण

| खरिदकर्ता | बिक्रीकर्ता | कित्ता | रकम (रु) |
|---|---|---|---|
| लिबर्टि माइक्रो लाइफ इन्स्योरेन्स लि. | हिमालयन रिइन्स्योरेन्स लि. | ६९,९५० | ५,००,८४,२००.०० |

तालिका ५० मा उल्लिखित व्यक्ति तथा संस्थाहरुले भृकुटी स्टक ब्रोकिङ्ग कम्पनी प्रा.लि.बाट कारोबार गरेको देखिन्छ ।

७.१४ प्रोटेक्टिभ माइक्रो इन्स्योरेन्स लि.ले गरेको धितोपत्रको कारोवार सम्बन्धी विवरण

प्रोटेक्टिभ माइक्रो इन्स्योरेन्स लि.ले NRIC र NLG को शेयर खरिद बिक्री गरेको देखिन्छ जसको विवरण तालिका ५१ मा प्रस्तुत गरिएको छ।

तालिका ५१: प्रोटेक्टिभ माइक्रो इन्स्योरेन्स लि. इन्स्योरेन्स लि.ले NRIC र NLG को शेयर खरिद बिक्री गरेको विवरण

| शेयरको नाम | खरिद | | बिक्री | |
|---|---|---|---|---|
| | कित्ता | रकम (रु) | कित्ता | रकम (रु) |
| नेपाल रिइन्स्योरेन्स कम्पनी लि. (NRIC) | ६४,२३९ | ८,५३,९९,८२५.०० | ५३,६८६ | ८,६६,९४,४०२.४० |
| एनएलजी इन्स्योरेन्स कम्पनी लि. (NLG) | ४२,००० | ३,००,२८,३६०.२० | ४२,००० | ३,००,२८,३६०.२० |

प्रोटेक्टिभ माइक्रो इन्स्योरेन्स लि.ले उक्त कम्पनीहरुको शेयर तालिका ४ मा उल्लिखित सम्वद्ध व्यक्ति तथा संस्थाहरु र शुभी अग्रवालको पति सुलभ अग्रवाल अध्यक्ष रहेको हिमालयन लाइफ इन्स्योरेन्स लि.सँग खरिद बिक्री गरेको विवरण तालिका ५२ (NRIC को) र तालिका ५३ (NLG को) मा प्रस्तुत गरिएको छ।

तालिका ५२: प्रोटेक्टिभ माइक्रो इन्स्योरेन्स लि.ले सम्वद्ध व्यक्ति तथा संस्थाहरुसँग NRIC को शेयर खरिद बिक्री गरेको विवरण

| खरिदकर्ता | बिक्रीकर्ता | कित्ता | रकम (रु) |
|---|---|---|---|
| प्रोटेक्टिभ माइक्रो इन्स्योरेन्स लि. | शुभी अग्रवाल | ३५,९७३ | ४,६८,८२,०३४.३० |
| हिमालयन लाइफ इन्स्योरेन्स लि. | प्रोटेक्टिभ माइक्रो इन्स्योरेन्स लि. | २,००० | २६,४४,०००.०० |

तालिका ५२ मा उल्लिखित व्यक्ति तथा संस्थाहरुले मध्ये हिमालयन लाइफ इन्स्योरेन्स लि.ले धितोपत्र दलाल व्यवसायी अग्रवाल सेक्युरिटिज प्रा.लि. बाट र अन्यले भृकुटी स्टक ब्रोकिङ्ग कम्पनी प्रा.लि.बाट कारोबार गरेको देखिन्छ।

तालिका ५३: प्रोटेक्टिभ माइक्रो इन्स्योरेन्स लि.ले सम्वद्ध व्यक्ति तथा संस्थाहरुसँग NLG को शेयर खरिद बिक्री गरेको विवरण

| खरिदकर्ता | बिक्रीकर्ता | कित्ता | रकम (रु) |
|---|---|---|---|
| प्रोटेक्टिभ माइक्रो इन्स्योरेन्स लि. | हिमालयन रिइन्स्योरेन्स लि. | ३७,३४० | २,६६,९८,१००.०० |

तालिका ५३ मा उल्लिखित व्यक्ति तथा संस्थाहरुले भृकुटी स्टक ब्रोकिङ्ग कम्पनी प्रा.लि.बाट कारोबार गरेको देखिन्छ ।

७.१५ हिमालयन लाइफ इन्स्योरेन्स लि.ले गरेको NRIC, NLG, GMLI को धितोपत्रको कारोबार सम्बन्धी विवरण

हिमालयन लाइफ इन्स्योरेन्स लि.ले गरेको NRIC, NLG, GMLI को शेयर तालिका ४ मा उल्लिखित सम्वद्ध व्यक्ति तथा संस्थाहरुसँग खरिद बिक्री गरेको विवरण तालिका ५४ (NRIC को), तालिका ५५ (NLG को) र तालिका ५६ (GMLI को) मा प्रस्तुत गरिएको छ।



Scanned with CamScanner

तालिका ५४: हिमालयन लाइफ इन्स्योरेन्स लि.ले सम्बद्ध व्यक्ति तथा संस्थाहरुसँग NRIC को शेयर खरिद बिक्री गरेको विवरण

| खरिदकर्ता | बिक्रीकर्ता | कित्ता | रकम (रु) |
|---|---|---|---|
| हिमालयन लाइफ इन्स्योरेन्स लि. | दिपक भट्ट | ७२,७९० | ९,८७,२२,३००.०० |
| हिमालयन लाइफ इन्स्योरेन्स लि. | शुभी अग्रवाल | १,०६,६१२ | ११,७५,९४,९३९.०० |
| हिमालयन लाइफ इन्स्योरेन्स लि. | हिमालय इन्भेष्टमेन्ट बैंकर लि. | ७,१६८ | ८५,४२,९९६.०० |
| हिमालयन लाइफ इन्स्योरेन्स लि. | नेपाल माइक्रो इन्स्योरेन्स कम्पनी लि. | ६,००० | ७३,९८,०००.०० |
| हिमालयन लाइफ इन्स्योरेन्स लि. | क्रेष्ट माइक्रो लाइफ इन्स्योरेन्स लि. | ५२१ | ६,९५,०१४.०० |
| हिमालयन लाइफ इन्स्योरेन्स लि. | गार्डियन माइक्रो लाइफ इन्स्योरेन्स लि. | ३३,०३२ | ३,८०,५५,२८२.१० |
| हिमालयन लाइफ इन्स्योरेन्स लि. | प्रोटेक्टिभ माइक्रो इन्स्योरेन्स लि. | २,००० | २६,४४,०००.०० |
| शुभी अग्रवाल | हिमालयन लाइफ इन्स्योरेन्स लि. | ७४,८३० | ९,७८,१२,४७४.०० |
| ऋषि राज मोर | हिमालयन लाइफ इन्स्योरेन्स लि. | ४९,१४९ | ६,४८,५५,०७०.८० |
| राज बहादुर शाह | हिमालयन लाइफ इन्स्योरेन्स लि. | १,२५,१११ | १६,५६,९२,९८२.६० |
| हिमालय इन्भेष्टमेन्ट बैंकर लि. | हिमालयन लाइफ इन्स्योरेन्स लि. | ७६९ | १०,४५,०७१.०० |
| गार्डियन माइक्रो लाइफ इन्स्योरेन्स लि. | हिमालयन लाइफ इन्स्योरेन्स लि. | ४,०३० | ४०,२१,९४०.०० |

तालिका ५५: हिमालयन लाइफ इन्स्योरेन्स लि.ले ले सम्बद्ध व्यक्ति तथा संस्थाहरुसँग NLG को शेयर खरिद बिक्री गरेको विवरण

| खरिदकर्ता | बिक्रीकर्ता | कित्ता | रकम (रु) |
|---|---|---|---|
| हिमालय लाइफ इन्स्योरेन्स लि. | हिमालय रिइन्स्योरेन्स लि. | ९६० | १९,२०,०००.०० |
| हिमालयन लाइफ इन्स्योरेन्स लि. | हिमालयन क्यापसर्भ लि. | १६,६७७ | २,०९,२०,७२८.०० |
| हिमालयन क्यापसर्भ लि. | हिमालयन लाइफ इन्स्योरेन्स लि. | २२,५०० | २,९४,७५,०००.०० |

तालिका ५६: हिमालयन लाइफ इन्स्योरेन्स लि.ले ले सम्बद्ध व्यक्ति तथा संस्थाहरुसँग GMLI को शेयर खरिद बिक्री गरेको विवरण

| खरिदकर्ता | बिक्रीकर्ता | कित्ता | रकम (रु) |
|---|---|---|---|
| शुभी अग्रवाल | हिमालयन लाइफ इन्स्योरेन्स लि. | ८०,००० | १४,७३,६०,०००.०० |



Scanned with CamScanner

## ८. विश्लेषण तथा निष्कर्ष

यस प्रारम्भिक जाँचबुझ तथा बोर्डको सुपरिवेक्षणको क्रममा विभिन्न संस्थाहरुसँग माग गरिएको विवरण, कागजात तथा जानकारीबाट प्राप्त तथ्यको विश्लेषण गरी देहायका निष्कर्ष निकालिएको छ ।

८.१ धितोपत्र दलाल व्यवसायी भृकुटी स्टक ब्रोकिङ्ग कम्पनी प्रा.लि.ले दिपक भट्टलाई धितोपत्रहरु NBLD85, NIMBD90, SBID83, SBLD89 र NRIC को खरिद गर्न धितोपत्र कारोबार सञ्चालन विनियमावली, २०७५ को विनियम ८ बमोजिम अग्रिम रकम (कम्तीमा २५ प्रतिशत) प्राप्त नगरी कारोबार गराएको र दिपक भट्टले अग्रिम रकम नदिई कारोबार गरेको देखिएको। त्यस्तै, धितोपत्र दलाल व्यवसायी भृकुटी स्टक ब्रोकिङ्ग कम्पनी प्रा.लि.ले उक्त संस्थाको ग्राहक (लगानीकर्ता) सँग धितोपत्र कारोबार राफसाफ तथा फछ्र्यौट विनियमावली, २०६९ को विनियम १३ बमोजिम कारोबार भएको दिन बाहेक दुई कार्यदिन (T+2) मा राफसाफ तथा फछ्र्यौट गरेतापनि धितोपत्र सोही विनियमावलीको बिनियम १६ र १७ बमोजिम खरिदकर्ता ग्राहकबाट रकम लिने र बिक्रीकर्ता ग्राहकलाई रकम दिने कार्य गरेको देखिदैन । यस कार्यबाट धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा धितोपत्र व्यापारी) नियमावली, २०६४ को नियम ३१ को उपनियम (२) को उल्लङ्घन भएको देखिन्छ। यसबाट दिपक भट्ट र भृकुटी स्टक ब्रोकिङ्ग कम्पनी प्रा.लि. दुवैले नियमावली तथा विनियमावलीको व्यवस्था उल्लङ्घन गरी मिलोमतोमा नेपाल रिइन्स्योरेन्स कम्पनी लि. (NRIC) को शेयर मूल्य बढाउने उद्देश्य राखेको देखिन्छ जसबाट धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ९६ को उपदफा (१) बमोजिमको कसूर गर्ने आधार तयार भएको देखिन्छ ।

८.२ दिपक भट्टले धितोपत्र दलाल व्यवसायी भृकुटी स्टक ब्रोकिङ्ग कम्पनी प्रा.लि.मार्फत् मिति २०८२।०४।०५ देखि मिति २०८२।१२।०१ सम्म विभिन्न मितिमा रु ३,८०,५३,८३,०८७.९० को धितोपत्र खरिद गरेको र रु ९३,०५,९२,३०७.४० को धितोपत्र बिक्री गरेको देखिन्छ । यस अवधिमा उक्त धितोपत्र दलाल व्यवसायीले दिपक भट्टबाट कुनै पनि रकम नलिएको र हालसम्म पनि रु २,८९,२०,४८,८३९.४५ रकम लिनुपर्ने उधारो कायमै रहेको सन्दर्भमा कुनै पनि रकम नलिई उधारोमा कारोबार गर्न सुविधा दिएको देखिन्छ। दिपक भट्टले मिति २०८२।०४।०५ देखि मिति २०८२।१२।०१ सम्म विभिन्न मितिममा रु ३,८०,५३,८३,०८७.९० को धितोपत्र खरिद गर्दा कुनै पनि रकम धितोपत्र दलाल व्यवसायी भृकुटी स्टक ब्रोकिङ्ग कम्पनी प्रा.लि.लाई भुक्तानी नगरेको देखिएको तर उक्त कारोबारको राफसाफ भएको सम्बन्धमा के कसरी उक्त रकम राफसाफ तथा फछ्र्यौट भएको भनी विश्लेषण गरिएको



Scanned with CamScanner

। यस सम्बन्धमा धितोपत्र दलाल व्यवसायी भृकुटी स्टक ब्रोकिङ्ग कम्पनी प्रा.लि.ले बोर्डमा पेश गरेको च.नं. ५८८/०८२/८३, मिति २०८२/१२/०१ र च.नं. ५९९/०८२/०८३, मिति २०८२/१२/०८ को पत्रानुसार उक्त धितोपत्र दलाल व्यवसायीको ग्राहकहरुको शेयर खरिद बिक्री तथा कोल्याट्रल (धितो) बापत रकम लिने दिने कार्य हुने हुँदा सो मध्येका मौज्दात रकमहरु उक्त कम्पनीमा मौज्दात रहेको रकम राफसाफमा प्रयोग भैरहेको भन्ने व्यहोराबाट उक्त धितोपत्र दलाल व्यवसायीले धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा धितोपत्र व्यापारी) नियमावली, २०६४ को नियम ३१ को उपनियम (१) को व्यवस्था उल्लङ्घन गरेको देखिन्छ । साथै उक्त धितोपत्र दलाल व्यवसायीले एक करोड रुपैयाँभन्दा बढी रकम तिर्न बाँकी लगानीकर्ताको विवरण माथि तालिका ३ मा प्रस्तुत गरिएकोमा दिपक भट्टको शेयर खरिदको रकम नलिई निजले खरिद गरेको धितोपत्र राफसाफ गर्न तालिका ३ मा उल्लिखित व्यक्ति तथा संस्थाहरुलाई दिन बाँकी रकम नै प्रयोग भएको देखिन्छ । तालिका ३ मा उल्लिखित व्यक्ति तथा संस्थाहरुबाट लिएको रकम तथा उक्त संस्थाहरुले धितोपत्र बिक्री गरी पाउनुपर्ने रकम संस्थाहरुलाई नदिई नेटिङ्ग प्रणालीमा राफसाफ गरेको देखिन्छ । यसबाट पनि दिपक भट्ट, भृकुटी स्टक ब्रोकिङ्ग कम्पनी प्रा.लि., तालिका ३ मा उल्लिखित संस्थाहरुमध्ये दिपक भट्टको एकल स्वामित्व रहेको इन्फिनिटी होल्डिङ्गस् लि.को ४.५ प्रतिशत स्वामित्व रहेको हिमालयन रिइन्स्योरेन्स कम्पनी लि., हिमालयन रिइन्स्योरेन्स कम्पनी लि.को शत प्रतिशत स्वामित्व रहेको हिमालयन क्यापसर्व लि., दिपक भट्टको १५ प्रतिशत स्वामित्व रहेको नेपाल माइक्रो इन्स्योरेन्स कम्पनी लि.समेतको मिलोमतोमा नेपाल रिइन्स्योरेन्स कम्पनी लि. (NRIC) को शेयर मूल्य बढाउने प्रपञ्च रचेको देखिन्छ । यसरी शेयर खरिद बिक्रीका लागि रकम लेनदेन नगर्ने कार्यबाट बजारमा NRIC को शेयर मूल्यमा कृतिम माग सिर्जना गराई NRIC को शेयर मूल्य मिति २०८२।०४।०५ (ता २०२५।०७।२१) को दिउँसो १२:५६ मा रु १,४६१ बाट मिति २०८२।०५।१० (ता २०२५।०८।२६) को दिउँसो ३:५९ सम्ममा रु १,६८६.१० सम्म पुर्याएको । यस योजना तथा कार्यबाट लगानीकर्ता तथा समग्र धितोपत्रको दोस्रो बजार प्रणालीलाई झुक्याई NRIC को शेयरको मूल्य बढाउने कार्य गरी धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ९६ को उपदफा (१) र दफा ९८ बमोजिमको कसूर गरेको देखिन्छ । यस कार्यमा मुख्य रुपमा दिपक भट्ट र भृकुटी स्टक ब्रोकिङ्ग कम्पनी प्रा.लि. तथा सहयोगीको रुपमा हिमालयन रिइन्स्योरेन्स कम्पनी लि., हिमालयन क्यापसर्व लि., नेपाल माइक्रो इन्स्योरेन्स कम्पनी लि., हिमालय सेक्युरिटिज बैंकर लि., एचएलआई लार्ज क्याप फण्ड, रोहित गुप्ता र शेखर गोल्छाको रकम प्रयोग भएको देखिन्छ । त्यस्तै शुभी अग्रवाल,

हिमालयन लाइफ इन्स्योरेन्स लि., ऋषि राज मोर र राज बहादुर शाह समेत NRIC को शेयरको मूल्य बढाउने कार्यमा संलग्न रहेको देखिन्छ ।

८.३ दिपक भट्टले धितोपत्र दलाल व्यवसायी भृकुटी स्टक ब्रोकिङ्ग कम्पनी प्रा.लि.मार्फत् खरिद बिक्री गरेको NBLD85 ऋणपत्रको कारोबारलाई विश्लेषण गर्दा दिपक भट्टले निज नै एकल सञ्चालक रहेको इन्फिनिटी होल्डिङ्गस् प्रा.लि.को ४.५ प्रतिशत स्वामित्व रहेको हिमालयन रिइन्स्योरेन्स कम्पनी लि.बाट मिति सन् २०२५।११।०९ मा रू.१,०८० प्रति कित्तामा खरिद गरेको । निजले मिति सन् २०२५।११।१६ मा निजको १५ प्रतिशत स्वामित्व रहेको गार्डियन माइक्रो लाइफ इन्स्योरेन्स कम्पनी लि.लाई प्रति कित्ता रू.१,१०० देखि १,१६० सम्ममा; हिमालयन रिइन्स्योरेन्स लि.कै १५ प्रतिशत स्वामित्व रहेको क्रेस्ट माइक्रो लाइफ इन्स्योरेन्स कम्पनी लि.लाई प्रति कित्ता रू.१,१६० देखि १,१८२ सम्ममा; हिमालयन रिइन्स्योरेन्स लि.कै २१.४३ प्रतिशत स्वामित्व रहेको प्रोटेक्टिभ माइक्रो इन्स्योरेन्स कम्पनी लि.लाई प्रति कित्ता रू.१,१८५ मा बिक्री गरेको देखिन्छ । यसबाट दिपक भट्टले निज नै आधारभूत शेयरधनी भएको हिमालयन रिइन्स्योरेन्स कम्पनी लि. बाट NBLD85 ऋणपत्र खरिद गर्ने, उक्त ऋणपत्र कम्पनी ऐन, २०६३ को दफा ८२ को उपदफा (३) बमोजिम विशेष साधारण सभा आव्हान गर्न सक्ने अधिकार भएको र सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण नियमावली, २०८१ को नियम ६ को उपनियम (१) र (२) मा कानूनी व्यक्तिको वास्तविक धनी तथा निज उपर नियन्त्रण गर्न सक्ने व्यक्तिको रुपमा आफू नै भएको गार्डियन माइक्रो लाइफ इन्स्योरेन्स कम्पनी लि., हिमालयन रिइन्स्योरेन्स लि.कै १५ प्रतिशत स्वामित्व रहेको क्रेस्ट माइक्रो लाइफ इन्स्योरेन्स कम्पनी लि. र हिमालयन रिइन्स्योरेन्स लि.कै २१.४३ प्रतिशत स्वामित्व रहेको प्रोटेक्टिभ माइक्रो इन्स्योरेन्स कम्पनी लि.लाई बिक्री गरेको कार्यबाट उक्त ऋणपत्र कम मूल्यमा खरिद गरी आफैको प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा नियन्त्रण गर्न सक्ने कम्पनीलाई बिक्री गर्न लगाई लाभ लिएको देखिन्छ । यो योजना तथा कार्य गरी लगानीकर्तालाई झुक्याई ऋणपत्रको मूल्य वृद्धि गरेको देखिन्छ जसबाट धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ९४, ९५ र ९८ बमोजिमको कसूर भएको हुन सक्ने देखिएको ।

८.४ दिपक भट्टले धितोपत्र दलाल व्यवसायी भृकुटी स्टक ब्रोकिङ्ग कम्पनी प्रा.लि.मार्फत् खरिद बिक्री गरेको SBLD89 ऋणपत्रको कारोबारलाई विश्लेषण गर्दा निज एकल सञ्चालक रहेको इन्फिनिटी होल्डिङ्गस् प्रा.लि.को ४.५ प्रतिशत स्वामित्व रहेको हिमालयन रिइन्स्योरेन्स लि.बाट विभिन्न

मितिहरूमा ३,३८,४४१ कित्ता खरिद गरी मिति सन् २०२५।११।१६ मा निजको १५ प्रतिशत स्वामित्व रहेको नेपाल माइक्रो इन्स्योरेन्स कम्पनी लि.लाई ९०,००० कित्ता; निजको १५ प्रतिशत स्वामित्व रहेको गार्डियन माइक्रो लाइफ इन्स्योरेन्स कम्पनी लि.लाई ८०,००० कित्ता, हिमालयन रिइन्स्योरेन्स लि.कै १५ प्रतिशत स्वामित्व रहेको क्रेस्ट माइक्रो लाइफ इन्स्योरेन्स कम्पनी लि.लाई १५,००० कित्ता; हिमालयन रिइन्स्योरेन्स लि.कै २१.४३ प्रतिशत स्वामित्व रहेको प्रोटेक्टिभ माइक्रो इन्स्योरेन्स कम्पनी लि.लाई १५,८१४ कित्ता बिक्री गरेको देखिन्छ यसबाट धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ९४ र ९५ बमोजिमको कसूर भएको हुन सक्ने देखिएको । यसबाट दिपक भट्टले निज नै आधारभूत शेयरधनी भएको हिमालयन रिइन्स्योरेन्स कम्पनी लि. बाट SBLD89 ऋणपत्र खरिद गर्ने, उक्त ऋणपत्र कम्पनी ऐन, २०६३ को दफा ८२ को उपदफा (३) बमोजिम विशेष साधारण सभा आव्हान गर्न सक्ने अधिकार भएको र सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण नियमावली, २०८१ को नियम ६ को उपनियम (१) र (२) मा कानूनी व्यक्तिको वास्तविक धनी तथा निज उपर नियन्त्रण गर्न सक्ने व्यक्तिको रुपमा आफू नै भएको नेपाल माइक्रो इन्स्योरेन्स कम्पनी लि. र गार्डियन माइक्रो लाइफ इन्स्योरेन्स कम्पनी लि., हिमालयन रिइन्स्योरेन्स लि.कै १५ प्रतिशत स्वामित्व रहेको क्रेस्ट माइक्रो लाइफ इन्स्योरेन्स कम्पनी लि. र हिमालयन रिइन्स्योरेन्स लि.कै २१.४३ प्रतिशत स्वामित्व रहेको प्रोटेक्टिभ माइक्रो इन्स्योरेन्स कम्पनी लि.लाई बिक्री गरेको कार्यबाट उक्त ऋणपत्र कम मूल्यमा खरिद गरी आफैंको प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा नियन्त्रण गर्न सक्ने कम्पनीलाई बिक्री गर्न लगाई लाभ लिएको देखिन्छ । यो योजना तथा कार्य गरी लगानीकर्तालाई झुक्याई ऋणपत्रको मूल्य बृद्धि गरेको देखिन्छ जसबाट धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ९४, ९५ र ९८ बमोजिमको कसूर भएको हुन सक्ने देखिएको ।

८.५ दिपक भट्टले धितोपत्र दलाल व्यवसायी भृकुटी स्टक ब्रोकिङ्ग कम्पनी प्रा.लि.मार्फत् खरिद बिक्री गरेको NIMBD90 ऋणपत्रको कारोबारलाई विश्लेषण गर्दा निज एकल सञ्चालक रहेको इन्फिनिटी होल्डिङ्गस् प्रा.लि.को ४.५ प्रतिशत स्वामित्व रहेको हिमालयन रिइन्स्योरेन्स लि.बाट २०८२।०७।१६ (२०२५।११।०२) मा १,०४,४०३ कित्ता खरिद गरी उक्त सम्पूर्ण ऋणपत्र मिति २०८२।०७।२३ र २४ (२०२५।११।०९ र १०) मा निजको पत्नी आयुष्मा नेपालको ८.५ प्रतिशत स्वामित्व रहेको हिमालयन इन्भेष्टमेन्ट बैंकर लि. योजना व्यवस्थापक रही सञ्चालनमा रहेको एचएलआई लार्ज क्याप फण्डलाई बिक्री गरेको देखिन्छ । यसबाट दिपक



Scanned with CamScanner

भट्टले निज नै आधारभूत शेयरधनी भएको हिमालयन रिइन्स्योरेन्स कम्पनी लि. बाट NIMBD90 ऋणपत्र खरिद गर्ने, उक्त ऋणपत्र निजको पत्नी आयुष्मा नेपालको ८.५ प्रतिशत स्वामित्व रहेको हिमालयन इन्भेष्टमेन्ट बैंकर लि. योजना व्यवस्थापक रही सञ्चालनमा रहेको एचएलआई लार्ज क्याप फण्डलाई बिक्री गरेको कार्यबाट उक्त ऋणपत्र कम मूल्यमा खरिद गरी निज सम्बद्ध कम्पनीलाई बिक्री गरी लाभ लिएको देखिन्छ । यो योजना तथा कार्य गरी लगानीकर्तालाई झुक्याई ऋणपत्रको मूल्य बृद्धि गरेको देखिन्छ जसबाट धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ९८ बमोजिमको कसूर भएको देखिएको ।

८.६ दिपक भट्टले धितोपत्र दलाल व्यवसायी भृकुटी स्टक ब्रोकिङ्ग कम्पनी प्रा.लि.मार्फत् खरिद बिक्री गरेको SBID83 ऋणपत्रको कारोबारलाई विश्लेषण गर्दा निज एकल सञ्चालक रहेको इन्फिनिटी होल्डिङ्गस् प्रा.लि.को ४.५ प्रतिशत स्वामित्व रहेको हिमालयन रिइन्स्योरेन्स लि.बाट २०८२।०७।१६ (२०२५।११।०२) मा ४४,००० कित्ता खरिद गरी उक्त सम्पूर्ण ऋणपत्र २०८२।०७।२३ (२०२५।११।०९) मा निजको पत्नी आयुष्मा नेपालको ८.५ प्रतिशत स्वामित्व रहेको हिमालयन इन्भेष्टमेन्ट बैंकर लि. योजना व्यवस्थापक रही सञ्चालनमा रहेको एचएलआई लार्ज क्याप फण्डलाई बिक्री गरेको देखिन्छ । यसबाट दिपक भट्टले निज नै आधारभूत शेयरधनी भएको हिमालयन रिइन्स्योरेन्स कम्पनी लि. बाट SBID83 ऋणपत्र खरिद गर्ने, उक्त ऋणपत्र निजको पत्नी आयुष्मा नेपालको ८.५ प्रतिशत स्वामित्व रहेको हिमालयन इन्भेष्टमेन्ट बैंकर लि. योजना व्यवस्थापक रही सञ्चालनमा रहेको एचएलआई लार्ज क्याप फण्डलाई बिक्री गरेको कार्यबाट उक्त ऋणपत्र कम मूल्यमा खरिद गरी निज सम्बद्ध कम्पनीलाई बिक्री गरी लाभ लिएको देखिन्छ । यो योजना तथा कार्य गरी लगानीकर्तालाई झुक्याई ऋणपत्रको मूल्य बृद्धि गरेको देखिन्छ जसबाट धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ९८ बमोजिमको कसूर भएको हुन सक्ने देखिएको ।

८.७ तालिका १५ मा उल्लिखित IP Address को विश्लेषण गर्दा उल्लिखित व्यक्ति तथा संस्थाहरु सबैले समान IP Address २०२.१६६.२०६.२४२, १०.११२.१.२११ प्रयोग गरेको देखिन्छ । यसबाट दिपक भट्ट, सुलभ अग्रवाल, हिमालयन रिइन्स्योरेन्स लि., हिमालय सेक्युरिटिज बैंकर लि., हिमालयन क्यापसर्भ लि., एचएलआई लार्ज क्याप फण्ड, नेपाल माइक्रो इन्स्योरेन्स लि., गार्डियन माइक्रो लाइफ इन्स्योरेन्स लि., क्रेष्ट माइक्रो लाइफ इन्स्योरेन्स लि., लिबर्टि माइक्रो लाइफ इन्स्योरेन्स लि. र प्रोटेक्टिभ माइक्रो इन्स्योरेन्स लि.को कारोबार खाता (Trade Management



Scanned with CamScanner

System-TMS जसबाट धितोपत्रको अनलाइन खरिद बिक्री हुन्छ) एकै व्यक्तिले चलाएको देखिन्छ।

८.८ सुभी अग्रवाल, राज बहादुर शाह र ऋषिराज मोरले समेत दिपक भट्टले जस्तै अग्रिम रकम नदिई शेयर कारोवारको सीमा प्राप्त गरी कारोबार गरेको, शेयर कारोवारको सबै रकम चुक्ता नगरेको तथा रकम चुक्ता भुक्तान नभई शेयर निजहरुको खातामा प्राप्त भएको । यस कार्यबाट निजहरुले खरिद गरेको शेयरको मूल्य वृद्धि हुन सहयोग पुगेको देखिन्छ । साथै लगानीकर्ता र धितोपत्र बजारलाई झुक्याउने कार्य भएको देखिन्छ । अतः निजहरुले धितोपत्र दलाल व्यवसायी भृकुटी स्टक ब्रोकिङ्ग कम्पनी प्रा.लि.सँग मिलि यो योजना तथा कार्य गरी धितोपत्रको लगानीकर्तालाई झुक्याई धितोपत्रको मूल्य वृद्धि गरेको देखिन्छ जसबाट धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ९६ को उपदफा (१) र दफा ९८ बमोजिमको कसूर भएको हुन सक्ने देखिएको ।

८.९ हिमालय इन्भेष्टमेन्ट बैंकर लि.मा हिमालयन लाइफ इन्स्योरेन्स लि.को ७५ प्रतिशत शेयर स्वामित्व रहेको सन्दर्भमा माथि तालिका २७ मा उल्लिखित देहायको NRIC को कारोवारमा वास्तविक स्वामित्व परिवर्तन नभएको देखिएकोले उक्त कारोवार धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ९४ बमोजिमको झुठ्ठो कारोवार भएको तथा यस कार्यबाट धितोपत्र सम्बन्धी ऐन, २०६२ को दफा ९४ को खण्ड (क) र दफा ९५ बमोजिमको कसूर भएको हुन सक्ने देखिएको ।

| खरिदकर्ता | बिक्रीकर्ता | कित्ता | रकम(रु) |
|---|---|---|---|
| हिमालय इन्भेष्टमेन्ट बैंकर लि. | हिमालयन लाइफ इन्स्योरेन्स लि. | ७६९ | १०,४५,०७१.०० |
| हिमालयन लाइफ इन्स्योरेन्स लि. | हिमालय इन्भेष्टमेन्ट बैंकर लि. | ७,१६८ | ८५,४२,९९६.०० |

८.१० हिमालय क्यापसर्भ लि.मा हिमालयन रिइन्स्योरेन्स लि.को शत् प्रतिशत शेयर स्वामित्व रहेको, हिमालय सेक्युरिटि बैंकर लि.मा हिमालयन रिइन्स्योरेन्स लि.को ७५ प्रतिशत शेयर स्वामित्व रहेको, ऋेष्ट माइक्रो लाइफ इन्स्योरेन्स लि.मा हिमालयन रिइन्स्योरेन्स लि.को नियन्त्रण रहने गरी १५ प्रतिशत शेयर स्वामित्व रहेको तथा प्रोटेक्टिभ माइक्रो इन्स्योरेन्स लि.मा हिमालयन रिइन्स्योरेन्स लि.को नियन्त्रण रहने गरी २१.४३ प्रतिशत शेयर स्वामित्व रहेको सन्दर्भमा माथि तालिका ३० मा उल्लिखित देहायको NLG को कारोबारमा बास्तविक स्वामित्व परिवर्तन नभएको देखिएकोले उक्त कारोवार धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ९४ बमोजिमको झुठ्ठो



Scanned with CamScanner

कारोबार भएको तथा यस कार्यबाट धितोपत्र सम्बन्धी ऐन, २०६२ को दफा ९४ को खण्ड (क) र दफा ९५ बमोजिमको कसूर भएको हुन सक्ने देखिएको।

| खरिदकर्ता | बिक्रीकर्ता | कित्ता | रकम (रु) |
|---|---|---|---|
| हिमालय रिइन्स्योरेन्स लि. | हिमालयन क्यापसर्भ लि. | १,०१,२७६ | १२,४६,१३,६४८.०० |
| हिमालय रिइन्स्योरेन्स लि. | हिमालय सेक्युरिटि बैंकर लि. | ६०,०२६ | ५,४०,२३,४००.०० |
| हिमालयन क्यापसर्भ लि. | हिमालय रिइन्स्योरेन्स लि. | ३४४ | ३,५८,९६४.०० |
| क्रेष्ट माइक्रो लाइफ इन्स्योरेन्स लि. | हिमालय रिइन्स्योरेन्स लि. | ७५,००० | ५,३५,५०,०००.०० |
| प्रोटेक्टिभ माइको इन्स्योरेन्स लि. | हिमालय रिइन्स्योरेन्स लि. | ३७,३४० | २,६६,९८,१००.०० |

८.११ यस खण्डको बुदा नं. ८.१० मा उल्लिखित विवरण अनुसार सूचीकृत संगठित संस्था एनएलजी इन्स्योरेन्स कम्पनी लि. (NLG) को शेयर मूल्य बृद्धि गराउने उद्देश्य सहित उक्त कारोबार भएको देखिएको र NLG को शेयर मूल्य बृद्धि गराउन शुभी अग्रवाल, हिमालय इन्भेष्टमेन्ट बैंकर लि., हिमालयन रिइन्स्योरेन्स लि., एचएलआई लार्ज क्याप फण्ड, हिमालयन क्यापसर्भ लि., क्रेष्ट माइक्रो लाइफ इन्स्योरेन्स लि., गार्डियन माइक्रो लाइफ इन्स्योरेन्स लि., लिबर्टि माइक्रो लाइफ इन्स्योरेन्स लि., प्रोटेक्टिभ माइक्रो इन्स्योरेन्स लि. र हिमालयन लाइफ इन्स्योरेन्स लि.को समेत संलग्नता देखिएकोले उक्त कारोबारहरुबाट धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ९६ को उपदफा (१) र दफा ९८ बमोजिमको कसूर भएको हुन सक्ने देखिएको ।

८.१२ शुभी अग्रवाल तथा ऋषि राज मोरले सूचीकृत संगठित संस्था गार्डियन माइक्रो लाइफ इन्स्योरेन्स लि. (GMLI) को शेयर कारोबार गर्दा अग्रिम रकम नदिई शेयर कारोबारको सीमा प्राप्त गरी कारोबार गरेको, शेयर कारोबारको सबै रकम चुक्ता नगरेको तथा रकम चुक्ता भुक्तान नभई शेयर निजहरुको खातामा प्राप्त भएको । यस कार्यबाट निजहरुले खरिद गरेको शेयरको मूल्य बृद्धि हुन सहयोग पुगेको देखिन्छ । साथै लगानीकर्ता र धितोपत्र बजारलाई झुक्याउने कार्य भएको देखिन्छ । अतः निजहरुले धितोपत्र दलाल व्यवसायी भृकुटी स्टक ब्रोकिङ्ग कम्पनी प्रा.लि.सँग मिलि यो योजना तथा कार्य गरी धितोपत्रको लगानीकर्तालाई झुक्याई धितोपत्रको मूल्य बृद्धि गरेको देखिन्छ जसबाट धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ९६ को उपदफा (१) र



Scanned with CamScanner

दफा ९८ बमोजिमको कसूर भएको हुन सक्ने देखिएको । उक्त कारोबारमा हिमालयन रिइन्स्योरेन्स लि. र एचएलआई लार्ज क्याप फण्डको समेत संलग्नता देखिन्छ ।

## ९ राय सुझाव

यस प्रारम्भिक जाँचबुझको राय सुझाव देहाय अनुसार रहेको छ:

९.१ यस प्रतिवेदनको खण्ड ८ को बुँदा नं ८.१ र ८.२ मा उल्लिखित विश्लेषण र निष्कर्ष अनुसार दिपक भट्ट र धितोपत्र दलाल व्यवसायी भृकुटी स्टक ब्रोकिङ्ग कम्पनी प्रा.लि.का कार्यकारी प्रमुखको रुपमा जिम्मेवार व्यक्ति संदिप चाचानले धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ९६ को उपदफा (१) र दफा ९८ बमोजिमको कसूर गरेको देखिएको । यस कार्यमा सहयोगीको रुपमा हिमालयन रिइन्स्योरेन्स कम्पनी लि., हिमालयन क्यापसर्व लि., नेपाल माइक्रो इन्स्योरेन्स कम्पनी लि., हिमालय सेक्युरिटिज बैंकर लि., एचएलआई लार्ज क्याप फण्ड, रोहित गुप्ता र शेखर गोल्छाको रकम प्रयोग भएको देखिन्छ । त्यस्तै शुभी अग्रवाल, हिमालयन लाइफ इन्स्योरेन्स लि., ऋषि राज मोर र राज बहादुर शाह समेत NRIC को शेयरको मूल्य बढाउने कार्यमा संलग्न रहेको देखिन्छ । यस कसूरका सम्बन्धमा अनुसन्धान गर्न धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा १०३ को उपदफा (३) बमोजिम प्रहरी प्रधान कार्यालय पठाउन उपयुक्त हुने देखिन्छ ।

९.२ यस प्रतिवेदनको खण्ड ८ को बुँदा नं ८.३, ८.४, ८.५, ८.६ र ८.७ मा उल्लिखित विश्लेषण र निष्कर्ष अनुसार दिपक भट्टबाट धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ९४, ९५ र ९८ बमोजिमको कसूर गरेको देखिएको र यस कार्यमा समेत धितोपत्र दलाल व्यवसायी भृकुटी स्टक ब्रोकिङ्ग कम्पनी प्रा.लि.का कार्यकारी प्रमुखको रुपमा जिम्मेवार व्यक्ति संदिप चाचानले सहयोग गरेको देखिएकोले यस कसूरका सम्बन्धमा अनुसन्धान गर्न धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा १०३ को उपदफा (३) बमोजिम प्रहरी प्रधान कार्यालय पठाउन उपयुक्त हुने देखिन्छ ।

९.३ यस प्रतिवेदनको खण्ड ८ को बुँदा नं ८.८ मा उल्लिखित विश्लेषण र निष्कर्ष अनुसार शुभी अग्रवाल, राज बहादुर शाह र ऋषिराज मोरबाट धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ९६ को उपदफा (१) र दफा ९८ बमोजिमको कसूर गरेको देखिएको र यस कार्यमा समेत धितोपत्र दलाल व्यवसायी भृकुटी स्टक ब्रोकिङ्ग कम्पनी प्रा.लि.का कार्यकारी प्रमुखको रुपमा जिम्मेवार व्यक्ति संदिप चाचानले सहयोग गरेको देखिएकोले यस कसूरका सम्बन्धमा अनुसन्धान



Scanned with CamScanner

गर्न धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा १०३ को उपदफा (३) बमोजिम प्रहरी प्रधान कार्यालय पठाउन उपयुक्त हुने देखिन्छ ।

९.४ यस प्रतिवेदनको खण्ड ८ को बुँदा नं ८.९ मा उल्लिखित विश्लेषण र निष्कर्ष अनुसार हिमालय इन्भेष्टमेन्ट बैंकर लि. र हिमालयन लाइफ इन्स्योरेन्स लि.ले गरेको NRIC को शेयर कारोबारबाट धितोपत्र सम्बन्धी ऐन, २०६२ को दफा ९४ को खण्ड (क) र दफा ९५ बमोजिमको कसूर गरेको देखिएकोले यस कसूरका सम्बन्धमा अनुसन्धान गर्न धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा १०३ को उपदफा (३) बमोजिम प्रहरी प्रधान कार्यालय पठाउन उपयुक्त हुने देखिन्छ ।

९.५ यस प्रतिवेदनको खण्ड ८ को बुँदा नं ८.१० मा उल्लिखित विश्लेषण र निष्कर्ष अनुसार हिमालय क्यापसर्भ लि., हिमालयन रिइन्स्योरेन्स लि., क्रेष्ट माइक्रो लाइफ इन्स्योरेन्स लि., र प्रोटेक्टिभ माइक्रो इन्स्योरेन्स लि.ले गरेको NLG को शेयर कारोबारबाट धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ९४ को खण्ड (क) र दफा ९५ बमोजिमको कसूर गरेको देखिएकोले यस कसूरका सम्बन्धमा अनुसन्धान गर्न धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा १०३ को उपदफा (३) बमोजिम प्रहरी प्रधान कार्यालय पठाउन उपयुक्त हुने देखिन्छ ।

९.६ यस प्रतिवेदनको खण्ड ८ को बुँदा नं ८.११ मा उल्लिखित विश्लेषण र निष्कर्ष अनुसार सूचीकृत संगठित संस्था एनएलजी इन्स्योरेन्स कम्पनी लि. (NLG) को शेयर मूल्य वृद्धि गराउन शुभी अग्रवाल, हिमालय इन्भेष्टमेन्ट बैंकर लि., हिमालयन रिइन्स्योरेन्स लि., एचएलआई लार्ज क्याप फण्ड, हिमालयन क्यापसर्भ लि., क्रेष्ट माइक्रो लाइफ इन्स्योरेन्स लि., गार्डियन माइक्रो लाइफ इन्स्योरेन्स लि., लिबर्टि माइक्रो लाइफ इन्स्योरेन्स लि., प्रोटेक्टिभ माइक्रो इन्स्योरेन्स लि. र हिमालयन लाइफ इन्स्योरेन्स लि.को संलग्नता देखिएको । उक्त कारोबारहरुबाट धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ९६ को उपदफा (१) र दफा ९८ बमोजिमको कसूर भएको देखिएकोले यस कसूरका सम्बन्धमा अनुसन्धान गर्न धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा १०३ को उपदफा (३) बमोजिम प्रहरी प्रधान कार्यालय पठाउन उपयुक्त हुने देखिन्छ ।

९.७ शुभी अग्रवाल, ऋषि राज मोर र धितोपत्र दलाल व्यवसायी भृकुटी स्टक ब्रोकिङ्ग कम्पनी प्रा.लि.का कार्यकारी प्रमुखको रुपमा जिम्मेबार व्यक्ति संदिप चाचान मिलि सूचीकृत संगठित संस्था गार्डियन माइक्रो लाइफ इन्स्योरेन्स लि. (GMLI) को शेयरको मूल्य वृद्धि गराउन भूमिका खेलेको देखिएको जसबाट धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ९६ को उपदफा



Scanned with CamScanner

(१) र दफा ९८ बमोजिमको कसूर भएको हुन सक्ने देखिएको । उक्त कारोबारमा हिमालयन रिइन्स्योरेन्स लि. र एचएलआई लार्ज क्याप फण्डको समेत संलग्नता देखिन्छ । यस कसूरका सम्वन्धमा अनुसन्धान गर्न धितोपत्र सम्वन्धी ऐन, २०६३ को दफा १०३ को उपदफा (३) बमोजिम प्रहरी प्रधान कार्यालय पठाउन उपयुक्त हुने देखिन्छ ।

***



Scanned with CamScanner

Scanned with CamScanner

मिति: २०८३।०१।०३

श्रीमान् अध्यक्षज्यू,
नेपाल धितोपत्र बोर्ड
खुमलटार ललितपुर ।

**विषय: प्रारम्भिक जाँचबुझ प्रतिवेदन पेश गरिएको सम्बन्धमा ।**

महोदय,

उपर्युक्त सम्बन्धमा दिपक भट्टले गरेको धितोपत्र कारोवार सम्बन्धमा धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा १०३ बमोजिम श्रीमान् अध्यक्षज्यूबाट मिति २०८२।१२।१६ को निर्णयानुसार मलाई प्रारम्भिक जाँचबुझ अधिकृत तोकिएकोमा उक्त विषयमा प्रारम्भिक जाँचबुझ गरी तयार गरेको संलग्न प्रतिवेदन पेस गरेको व्यहोरा अनुरोध गर्दछु ।

भवदीय,

(रुपेश के.सी.)
कार्यकारी निर्देशक